# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ८ | काठमाडौं | शुक्रबार, १८ वैशाख २०८३ | Prabhab National Daily | Friday, 1 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# रोल्पा जिप दुर्घटनामा २० जनाको मृत्यु

“छतमा मसहित अर्को एक जना पनि थियो । भिरालोमा मैले रूखको जरो भेटेँ । त्यही पकडेर बसेँ । अर्को साथीलाई गाडीले तलैसम्म लग्यो । ड्राइभर मैरै भेना हुन् । गाडीभित्र भएका कोही पनि बाँचेनन् ।

**समिर कामी**
घाइते




*तस्विर: सामाजिक सञ्जालबाट*

**प्रभाव संवाददाता**

**काठमाडौं–** रोल्पाको थबाङ गाउँपालिकामा भएको जिप दुर्घटनामा परी २० जनाको मृत्यु भएको छ । बिहीबार दिउँसो रुकुम पूर्वबाट रोल्पाको थबाङ गाउँपालिकाको जलजलातर्फ जाँदै गरेको लु१ज ४१६७ नम्बरको बलेरो जिप रोल्पाको थबाङ गाउँपालिका-१ सल्याप भन्ने ठाउँमा भिरबाट ८०० मिटर तल खसेर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटनापछि उद्धार तथा खोजतलासका क्रममा २० जनाको शव घटनास्थलमा फेला परेको जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सुनिल थापा नेपालीले बताए । थापाकाअनुसार दुर्घटनामा परी रुकुम पूर्वका सिस्ने गाउँपालिका-५ का ३२ वर्षीय समिर कामी घाइते भएका छन् ।

कामीको आधारभूत जलजला अस्पताल थबाङमा उपचार भइरहेको छ । भिरालोमा रुखको जरो भेटिएका कारण ज्यान जोगिएको कामीले बताए । ‘छतमा मसहित अर्को एक जना पनि थियो । भिरालोमा मैले रुखको जरो भेटेँ । त्यही पकडेर बसेँ । अर्को साथीलाई गाडीले तलैसम्म लग्यो,’ घाइते कामीले भने । जिपका चालक आफ्नो भेना साइनो पर्ने कामीले बताए ।

## सरकारले गठन गर्‍यो छानबिन समिति

जिप दुर्घटनाको छानबिन गर्न गृह मन्त्रालयले बिहीबार नै एक समिति गठन गरेको छ । मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाले बिहीबार साँझ जारी गरेको विज्ञप्तिअनुसार सचिवस्तरीय निर्णयबाट उक्त समिति गठन गरिएको हो ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालय तुलसीपुरका प्रहरी उपरीक्षक यादव ढकालको संयोजकत्वमा गठित यस चार सदस्यीय समितिलाई घटनाको सत्यतथ्य अध्ययन गरी तीन दिनभित्र प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । छानबिन समितिमा जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी बल रोल्पाका सशस्त्र प्रहरी नायब उपरीक्षक र जिल्ला प्रशासन कार्यालय रोल्पाका प्रशासकीय अधिकृत सदस्य रहेका छन् ।

गृह मन्त्रालयले समितिलाई उक्त दुर्घटना कसरी भयो र यसमा कसको लापरवाही वा कमजोरी रह्यो भन्ने पत्ता लगाउनुका साथै आगामी दिनमा यस्ता दुर्घटना न्यूनीकरणका लागि चाल्नुपर्ने कदमहरूबारे सुझाव दिन कार्यादेश दिएको छ ।

दुर्घटनामा परेको जिपमा सवार सबै जलजलामा वैशाख पूर्णिमाको अवसरमा लाग्ने मेलामा सहभागी हुन जाने तीर्थयात्री रहेका प्रहरी निरीक्षक थापाले बताए । उक्त जिपमा सवार अधिकांश तीर्थयात्री रुकुम पूर्वको सिस्ने गाउँपालिका-५, टाकुराका रहेको रोल्पाका सांसद एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले बताए ।

दुर्घटनालगत्तै जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी प्रमुख वीरेन्द्र विश्वकर्मा नेतृत्वको टोली घटनास्थल पुगी उद्धार तथा खोजी कार्यमा खटिएको थियो । दुर्घटनामा भेटिएका सबै शवको संकलन भइसकेको र शुक्रबार बिहानबाट उनीहरूको सनाखत सुरु गरिने प्रहरीले जनाएको छ ।

# संवैधानिक परिषद्सम्बन्धी अध्यादेशका कारण संकटमा राष्ट्रपति पौडेल

राष्ट्रपतिले प्रधानमन्त्रीको माग पूरा गर्ने हो । अध्यादेशको रूपमा अघि बढे पनि यसलाई संसद्मा लगेर पारित गर्नुपर्छ । पछि पारित गर्न पनि प्रक्रिया लामो छ । भएन भने निरूपण गर्ने संस्था अदालतमा छँदै छ नि । राष्ट्राध्यक्षले अत्यधिक चासो राख्दा निर्वाचित सरकारको अधिकार कमजोर हुन्छ भन्ने बुझ्नुपर्छ ।

**डा. विपिन अधिकारी**
संविधानविद्

सबै अध्यादेशमा मेरो चासो होइन । संवैधानिक परिषद्सम्बन्धी संघीय संसद्बाट पारित भएको विधेयक फिर्ता पठाएँ । सुशीला कार्की सरकारले पठाएको विधेयक पनि फिर्ता भयो । त्यही व्यहोरा हालेको अध्यादेश कसरी स्वीकृत गर्नु ?

**रामचन्द्र पौडेल**
राष्ट्रपति



*एआईबाट तयार पारिएको प्रतीकात्मक तस्विर*

**जेबी योञ्जन**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेल आफैंले विगतमा पटक-पटक रोकेको संवैधानिक परिषद्सम्बन्धी अध्यादेशका कारण संकटमा फसेका छन् । ‘फास्ट ट्र्याक’मा काम गर्ने प्रतिबद्धताका साथ उत्रिएको वालेन्द्र शाह नेतृत्वको सरकारले संवैधानिक रिक्तता हटाउन भन्दै पठाएको यो अध्यादेशले राष्ट्रपति संकटमा फसेका हुन् ।

राष्ट्रपति पौडेलले बिहीबार अरू दुई अध्यादेश जारी गरे पनि संवैधानिक परिषद्सम्बन्धी अध्यादेशका लागि भने संविधानविद्हरूसँग छलफल गरे । संविधानविद् विपिन अधिकारीले राष्ट्रपति प्रधानमन्त्रीको सल्लाहकारमात्र भएकोले अध्यादेश रोक्न नहुने र धेरै चासो दिन नहुने बताएका थिए । जवाफमा राष्ट्रपति पौडेलले आफ्नो रुचि एउटामात्र अध्यादेशमा भएको बताएका थिए । ‘सबै अध्यादेशमा मेरो चासो र रुचि होइन । संवैधानिक परिषद्सम्बन्धी संघीय संसद्बाट पारित भएको विधेयक फिर्ता पठाएँ । सुशीला कार्की सरकारले पठाएको विधेयक पनि फिर्ता भयो त्यही व्यहोरा हालेर ल्याइएको अध्यादेश अब कसरी स्वीकृत गर्नु ?,’ राष्ट्रपति पौडेलले भनेका थिए ।

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक प्रतिनिधिसभामा २०७९ फागुन १२ गते दर्ता भएकामा दुवै सदनबाट पारित गरी प्रमाणीकरणका लागि २०८२ असार ३१ गते शीतलनिवास पठाइएको थियो ।

त्यतिखेर एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए । राष्ट्रपति पौडेलले विभिन्न पाँचवटा आधारसहित साउन ८ गते विधेयक प्रतिनिधिसभामा फिर्ता पठाइदिएका थिए । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले पनि गत मंसिर २ गते संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सिफारिस गरेकामा राष्ट्रपति पौडेलले ‘होल्ड’मा राखेका थिए ।

अहिले पुनः वालेन्द्र सरकारले संवैधानिक परिषद्को (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०६६ लाई संशोधन गर्दै अध्यक्षसहित तीन सदस्यबाटै निर्णय गर्न सकिने व्यवस्था राखेर राष्ट्रपति पौडेलसमक्ष अध्यादेश सिफारिस गरेको छ । प्रधानमन्त्री अध्यक्ष रहने परिषद्मा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुख र प्रतिपक्षी दलका नेता गरी छ जना सदस्य रहन्छन् । संवैधानिक परिषद्सम्बन्धी मूल ऐनको दफा ६ को (३) मा अध्यक्ष र कम्तीमा चार जना सदस्य उपस्थित भएपछिमात्रै परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था छ । सोही दफा ६ को उपदफा ४, ५, ६ र ७ मा निर्णय प्रक्रियासम्बन्धी व्यवस्था छ । त्यसमा सहमतिका लागि दुईवटा बैठक सफल हुन नसकेमामात्रै कूल सदस्य संख्याको बहुमतबाट निर्णय गर्न सकिने व्यवस्था छ ।

तर, सरकारले चार जना सदस्य उपस्थित रहेको अवस्थामा पहिलो बैठकबाटै तीन जनाबाटै निर्णय गर्न सकिने व्यवस्था राखेर अध्यादेश सिफारिस गरेको छ । संवैधानिक परिषद्सम्बन्धी यो व्यवस्था पूर्ववर्ती सरकारले पटक-पटक अध्यादेशका रूपमा ल्याएका थिए । यसैक्रममा राष्ट्रपति पौडेलले सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ भने जारी गरेका छन् ।

राष्ट्रपतिले संवैधानिक परिषद्, विश्वविद्यालय, केही नेपाल ऐन संशोधनसम्बन्धी अध्यादेश तत्काल स्वीकृत नगरी अध्ययन र परामर्शमा राखेको छ । यसले कार्यपालिका र राष्ट्रप्रमुखबीचको संवैधानिक सम्बन्धको सीमारेखा पुनः चर्चाको केन्द्रमा आएको हो ।

सरकारले आफ्ना प्राथमिकता कार्यान्वयन गर्न ‘छिटो माध्यम’का रूपमा अध्यादेशलाई रोजेको थियो । विशेषगरी राजनीतिक नियुक्ति खारेज, प्रशासनिक संरचना पुनर्गठन तथा केही संवेदनशील नीतिगत विषयहरूलाई तत्काल लागू गर्ने उद्देश्यले अध्यादेश सिफारिस गरिएको कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले बताएकी छन् । तर, संसद् अधिवेशन आह्वान हुनै लागेका बेला अध्यादेश ल्याउने सरकारको निर्णयलाई लिएर कानुनविद्हरूले सुरुदेखि नै प्रश्न उठाएका थिए ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

# संघको विवाद टुंग्याउने प्रयास जारी

## व्यवसायीको हितका लागि एकजुट हुन दबाब

**प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा देखिएको विवाद सहमतिमा टुंग्याउनेपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । संघका अध्यक्ष भुवनसिंह गुरुङले राजीनामा दिएका पक्षलाई राजीनामा फिर्ता लिएर व्यवसायीको हितमा एकजुट हुन आह्वान गरेका छन् । महासचिव महेशकुमार बस्नेतपक्ष राजीनामा फिर्ता लिन तयार नदेखिए पनि छलफलमा जुटेको बताइएको छ ।

अध्यक्ष गुरुङको निलम्बनमा परेका सल्लाहकार धनलाल जैसी र नवराज केसीले पनि सहमतिमा जोड दिएका छन् । उनीहरूले राजीनामा दिएकाहरूलाई मिलेर जान अनुरोध गरेका छ । अहिलेसम्म जे भए पनि त्यसलाई बिर्सिएर व्यवसायी र संघको हितका लागि पनि यो विवाद टुंग्याउनुपर्ने जैसीको भनाइ छ । आफू सल्लाहकारबाट हट्दा यो समस्याको हल हुन्छ भने त्यसका लागि पनि तयार रहेको उनले बताए । यद्यपि, राजीनामा दिएकाहरूसँग करिब चार घण्टा लामो छलफल गर्दा पनि कुनै निकास भने ननिस्किएको उनले बताए ।

‘हामीले एक जना अध्यक्षको लागि सोच्नेभन्दा पनि समग्र व्यवसायीको बारेमा सोच्न भनेका छौं,’ उनले भने, ‘उहाँहरूचाहिँ भोलि फेरि यहि स्थिति दोहोरियो भने नराम्रो हुन्छ, राजीनामा दिइसकेपछि यसमै ठीक छौं भन्ने अडानमा हुनुहुन्छ ।’

बिहीबारको छलफलमा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, महासचिव बस्नेतलगायत राजीनामा दिएकामध्य नौ जना उपस्थित भएको जनाइएको छ । महासचिव बस्नेत आफू कुनै पनि हालतमा संघमा नफर्कने अडानमा देखिएको उनले बताए । बस्नेतले राजीनामा दिएकाहरूलाई पनि उनीहरूले आफ्नो इच्छाअनुसारको निर्णय लिनसक्ने भनेको पनि बुझिएको छ । सल्लाहकारसँगको छलफलपछि राजीनामा दिएकाहरू मात्रै छुट्टै छलफल गरेर थप निर्णय लिने जनाएका छन् ।

संघको विवादलाई मिलाउन बुधबार अध्यक्ष गुरुङले पूर्वअध्यक्षहरू, घटक संस्थाका अध्यक्ष, सल्लाहकार तथा राजीनामा दिएका कार्यसमितिका केही सदस्यसँग छलफल गरेका थिए । सो क्रममा आफूबाट भएका कमीकमजोरीलाई स्वीकार गर्दै कसरी हुन्छ संघलाई एकढिक्का बनाउन तयार रहेको उनले बताएका थिए ।


क्रमशः पृष्ठ २ मा


## श्रमिकसँग सेवा शुल्क बैंकिङ प्रणालीबाट मात्र लिन पाइने

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा जाँदा म्यानपावर कम्पनीलाई बुझाउने शुल्क अब बैंकिङ प्रणालीबाट मात्र भुक्तानी गर्नुपर्ने भएको छ । वैदेशिक रोजगार विभागले बिहीबार सूचना जारी गर्दै नगद कारोबार गरेको पाइए इजाजतप्राप्त संस्थालाई प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनी दिएको छ ।

विभागले ठगीबाट बच्न, आर्थिक कारोबारलाई पारदर्शी बनाउन तथा वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन सेवा शुल्कबापतको रकम प्रयोजन खुलाइ अनिवार्यरूपमा बैंकिङ प्रणालीमार्फत मात्र गर्न रोजगारीमा जानेहरूलाई सचेत गराएको छ । साथै, रकम बुझाएको प्रमाण, कागजात तथा अनलाइन कारोबार भएको विवरण आफूसँग सुरक्षित राख्नसमेत भनिएको छ ।

नगद कारोबार गर्दा ठगी भएको खण्डमा प्रमाण पुर्‍याउन कठिन हुने भएकाले कुनै पनि संस्था, संस्थाका सञ्चालक, संस्थासंग आबद्ध कर्मचारी/ प्रतिनिधि या कुनै पनि व्यक्तिसँग वैदेशिक रोजगारसम्बन्धी आर्थिक कारोबार नगदमामात्र गर्न विभागले सचेत गराएको छ । हाल रोजगारीमा जाने श्रमिकले म्यानपावरलाई सेवा शुल्कबापत नगद नै बुझाउँदै आएका छन् ।


क्रमशः पृष्ठ २ मा


# ‘निजी सञ्चारमाध्यमलाई विज्ञापन रोक्ने निर्णय लोकतन्त्रमाथिको प्रहार’

- सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई प्रकाशन/प्रसारण गर्न नदिने निर्णयले प्रेस स्वतन्त्रता र निजी सञ्चारमाध्यमको आर्थिक आधार कमजोर पार्ने खतरा
- यस विषयलाई नेपाली कांग्रेसले गम्भीररूपमा लिएको र संसद्भित्र तथा संसदीय समितिका बैठकमा पनि प्राथमिकताका साथ उठाउने वचन



**प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने सरकारी निर्णयप्रति आपत्ति जनाएका छन् । सरकारको उक्त निर्णयलाई लोकतन्त्रको मर्ममाथिको प्रहार भन्दै आङ्देम्बेले आलोचना गरेका गरेका हुन् ।

बिहीबार नेपाल पत्रकार महासंघको टोलीसँगको भेटमा आङ्देम्बेले सरकारले लोकतन्त्रको मर्ममाथि नाडी छाम्ने प्रयास गरेको बताए । ‘कहिलेकाहीँ सरकारले नाडी छाम्ने प्रयास गर्छ तर लोकतन्त्रको मर्मप्रति नाडी छाम्ने गलत सोच हो,’ आङ्देम्बेले भने ।

उनका अनुसार सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई प्रकाशन/प्रसारण गर्न नदिने यस्तो निर्णयले प्रेस स्वतन्त्रता र निजी सञ्चारमाध्यमको आर्थिक आधार कमजोर पार्ने खतरा हुन्छ । उनले यस विषयलाई नेपाली कांग्रेसले गम्भीररूपमा लिएको र संसद्भित्र तथा संसदीय समितिका बैठकमा पनि प्राथमिकताका साथ उठाउने वचनसमेत दिए ।

सरकारी विज्ञान सरकारी सञ्चारमाध्यमलाई मात्रै उपलब्ध गराउने सरकारको निर्णयविरुद्ध नेपाल पत्रकार महासंघ आन्दोलित छ । आन्दोलनकै कार्यक्रमअन्तर्गत महासंघकी अध्यक्ष निर्मला शर्मा, महासचिव रामप्रसाद दाहाललगायतको टोलीले नेता आङ्देम्बेलाई सरकारी विज्ञान सरकार नियन्त्रित सञ्चारमाध्यमहरूलाई मात्रै दिने सरकारको निर्णय खारेजीका लागि दबाब दिन ध्यानाकर्षण गराएको थियो ।

निजी सञ्चारमाध्यमलाई धराशायी बनाउनेगरी सरकारले सरकारी विज्ञापनमा ‘सिण्डिकेट’ (एकाधिकार) लगाएकोमा चौतर्फी विरोध भइरहेको छ ।


क्रमशः पृष्ठ २ मा

# संक्रमणकालीन न्यायलाई छिटो निष्कर्षमा पुऱ्याउन सर्वोच्चको परमादेश

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतले संक्रमणकालीन न्यायसम्बन्धी उजुरीको अनुसन्धान गरी छिटो निष्कर्षमा पुऱ्याउन परमादेश जारी गरेको छ ।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी, अब्दुल अजीज मुसलमान र टेकप्रसाद ढुंगानाको संवैधानिक इजलासले मंगलबार सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा परेका उजुरीको अनुसन्धानलाई छिटो निष्कर्षमा पुऱ्याउन सरकारका नाममा परमादेश जारी गरेको हो ।

'न्यायको पहुँचको अवरोध हटाउनका लागि दुई आयोगमा दर्ता भएका उजुरी प्रभावकारीरूपमा अनुसन्धान अगाडि बढाइ छिटो निष्कर्षमा पुऱ्याउन परमादेश जारी गरिएको छ,' सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बिहीबार भने, 'यस विषयमा विगतमा भएका आदेश तथा निर्देशनात्मक आदेशको कार्यान्वयन गरी छिटो निकास दिन सरकारका नाममा परमादेश जारी गरेको छ ।'

संवैधानिक इजलासले बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन (तेस्रो संशोधन), २०८१ अन्तर्राष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको फैसला, कानुनअनुसार नै संशोधन गरिएको हुनाले संवैधानिक भएको ठहर गरेको छ । विस्थापित संविधानसभाका ज्येष्ठ सदस्य कुलबहादुर गुरुङ र अधिवक्ता डा. ज्ञानबहादुर बस्नेतसमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमा उक्त ऐनको तेस्रो संशोधन असंवैधानिक भएको र दुवै आयोगका उजुरीलाई छिटो अनुसन्धान गरी निष्कर्षमा पुऱ्याउन माग गरिएको थियो ।

ऐनको तेस्रो संशोधनमा मानवअधिकारको गम्भीर उल्लंघन भन्ने शब्दको सट्टामा विभिन्न ठाउँमा मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघन भनेर राखिएको छ । रिट निवेदनमा मानवअधिकारको गम्भीर उल्लंघन भन्ने शब्दमात्रै राखिनुपर्ने माग गरिएको थियो ।

# जोखिमयुक्त बस्ती स्थानान्तरणको दोस्रो चरण आजदेखि

**काठमाडौं–** सहरी विकास मन्त्रालयले आजदेखि दोस्रो चरणअन्तर्गत काठमाडौं उपत्यकाका बागमती तथा सहायक नदी किनारमा रहेका जोखिमयुक्त बस्ती स्थानान्तरण गर्ने भएको छ । पहिलो चरणमा सिनामंगलको गैरीगाउँ, शान्तिनगर, मनोहरा र थापाथली क्षेत्रका बस्तीहरू स्थानान्तरण गरिसकिएको छ भने अब दोस्रो चरणको काम अघि बढाइने सहरी विकासमन्त्री सुनिल लम्सालको सचिवालयले जनाएको छ ।

यस प्रक्रियालाई व्यवस्थित बनाउन बिहीबार मन्त्रालयमा विभिन्न सरकारी निकायको संयुक्त बैठक बसेको थियो । सो बैठकले आवश्यक तयारी पूरा गरेको छ । सचिवालयका अनुसार स्थान्तरणलाई सहज बनाउन जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिकलाई बसमार्फत प्राथमिक दर्ता केन्द्रका रूपमा दशरथ रंगशाला पुऱ्याइने छ । रंगशालामा तीन वटा सहायता कक्ष सञ्चालन गरिने छ । पहिलो कक्षमा सूचना तथा तथ्यांक संकलन, दोस्रोमा सुकुम्बासी पहिचानका लागि स्वघोषणा फाराम भर्ने तथा आवश्यक सामाजिक विवरण संकलन र तेस्रो कक्षमा गृह मन्त्रालयको टोलीद्वारा डिजिटल तथ्यांक संकलन गरिने छ ।

त्यसैगरी, होल्डिङ सेन्टरमा लैजान नसकिने सरसामानजस्तै दराज, टेबुल, खाटको भण्डारण तथा सुरक्षाका लागि सुरक्षा निकायको सहयोग रहने छ । आश्रयस्थल नभएका वा स्वयं व्यवस्थापन गर्न नसक्ने परिवारलाई 'होल्डिङ सेन्टर'सम्म पुऱ्याउन पनि बसको व्यवस्था गरिएको छ । मन्त्रालयले तत्काल स्वास्थ्य सेवा, मानवीय सहायता तथा मनोपरामर्श सेवाको व्यवस्थासमेत गरेको छ । यी सेवा प्राथमिक दर्ता केन्द्र र होल्डिङ सेन्टर दुवै स्थानमा उपलब्ध हुने छन् ।

संकलित विवरणका आधारमा सुकुम्बासीको पहिचान तथा प्रमाणीकरण गरिने छ । पहिचान हुन नसकेका व्यक्तिहरूलाई भने होल्डिङ सेन्टरबाट फिर्ता पठाइने छ । पहिचान भएका परिवारलाई निश्चित अवधिसम्म आवश्यक सहयोग प्रदान गरिने र पुनःस्थापनाका लागि थप प्रक्रिया अघि बढाइने छ । यसैबीच, विगतमा नदी किनार अतिक्रमण गरी भाडा वा व्यापार सञ्चालन गरेका तथा गैरकानुनी गतिविधिमा संलग्न व्यक्तिहरूको छानबिन गरिने र दोषी ठहरिए कानुनी कारबाही गरिने सचिवालयले जनाएको छ । *रासस*


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०४/०२ मा दर्ता भएको **प्रा.लि. नं. १५२०२९/०७३/०७४** को **नेपाल इन्टरनेशनल टुर्स एण्ड ट्रेक्स प्रा. लि.** को मिति २०८३/०१/१७ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: एकराज पन्त, इजाजत पत्र नं. ४१४**

**ठेगाना : ठमेल, काठमाडौं, फोन नं. ९८५१०२७६६०**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/०३/११ मा दर्ता भएको **प्रा. लि. नं. ३१४८४७** को **मोबिलिटी सोलुसन्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सम्बन्धित व्यक्तिहरूको लागि सार्वजनिक सूचना

नेपाल लाइफ रिक्रुइट्मेन्ट एजेन्सी प्रा.लि.को Visiting Card अनादिकृत व्यक्तिले प्रयोग गरेको भन्ने कुरा सुन्नमा आएको हुनाले नेपाल लाइफ रिक्रुइट्मेन्ट एजेन्सी प्रा.लि.को सञ्चालक गंगाप्रसाद गिरीभन्दा बाहेकको कोही पनि व्यक्तिको नाममा आधिकारिक रूपमा जारी नगरेको र २/३ वर्ष अगाडि जारी गरेको भए हाल कोही पनि व्यक्ति आधिकारिक रुपमा यस मेनपावर कार्यालयमा कार्यरत नरहेकोले गर्दा नेपाल लाइफ रिक्रुइटमेन्ट एजेन्सी प्रा.लि.को कार्यालयमा आएर सञ्चालकसँग सम्पूर्ण कुरा बुझेर मात्र कार्य गर्नुहुन जानकारी गराइन्छ । यस कार्यालय बाहिर नेपाल लाइफ रिक्रुइट्मेन्ट एजेन्सी प्रा.लि.को कर्मचारी हुँ भनेर कसैले भनेमा मेनपावर कार्यालयमा सम्पर्क गरी आधिकारिक हो, होइन बुझेर मात्र काम गर्नको लागि अनुरोध गर्दछु अन्यथा मान्य नहुने व्योहोरा अवगत गराउँदै यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

LIC No. 1476/074/75
NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Kalimatidol, Prakash Sanyas Ashram Marga, Kathmandu, Nepal, Tel: 015928095, Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७१/१२/१९ मा दर्ता भएको प्रा.लि.नं. १३४२८९ को **कृष्ण प्रकाश फार्मिङ हाउस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१८)

यस मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लिमिटेडको मिति २०८२/०९/२६ गते सम्पन्न तेश्रो वार्षिक साधारण सभाबाट हकप्रद शेयर निष्काशनको लागि संचालक समितिलाई अख्तियारी दिए बमोजिम, कम्पनीको संस्थापक शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको १:२३ (एक शेयर बराबर नयाँ तेइस शेयर) निष्काशन गर्ने निर्णय भएकोले प्रति शेयर अंकित मूल्य रु.१००/- दरको २३,००,००० कित्ता हकप्रद साधारण शेयर मिति २०८३/२/०५ गते देखि मिति २०८३/०३/०९ गते सम्मको लागि बिक्री खुला गर्ने सञ्चालक समितिको मिति २०८३/०१/१० गतेको बैठकबाट निर्णय भएको सम्बन्धित शेयरधनीहरुलाई जानकारी गराउँदै सो अवधिभित्र हकप्रद शेयरको दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लि.
MUKTINATH FERTILIZER & CHEMICALS LTD.
A Subsidiary Company of Muktinath Krishi Company Ltd.


## पृष्ठ १ बाट क्रमशः

### संवैधानिक...

यही पृष्ठभूमिमा राष्ट्रपतिले ती अध्यादेशहरूमा तुरुन्त हस्ताक्षर नगरी रोक लगाउने निर्णयलाई धेरैले संवैधानिक सतर्कताको संकेतकारूपमा व्याख्या गरेका छन् । राष्ट्रपतिको सचिवालयका अनुसार अध्यादेशको विषयवस्तु, यसको आवश्यकता र संविधानसँगको सामञ्जस्यबारे विस्तृत अध्ययन भइरहेका छन् । यस क्रममा विभिन्न संविधानविद्, कानुनविद् र राजनीतिक विश्लेषकहरूसँग अनौपचारिक परामर्शसमेत गरिएको बताइएको छ ।

राष्ट्रपतिले अध्यादेश रोकेको विषयलाई कतिपयले कार्यपालिकामाथिको अंकुशका रूपमा चित्रण गरेका छन् भने अर्काथरीले यसलाई राष्ट्रप्रमुखको संवैधानिक कर्तव्य मानेका छन् । वरिष्ठ अधिवक्ता तथा संवैधानिक कानुनका जानकार डा. भीमार्जुन आचार्यका अनुसार संविधानले राष्ट्रपतिलाई पूर्णरूपमा औपचारिक भूमिकामात्र दिएको छैन, विशेष परिस्थितिमा उसले आफ्नो विवेक प्रयोग गर्न सक्ने व्यवस्था पनि राखिएको छ ।

अध्यादेश संविधानसम्मत छ कि छैन भन्ने प्रारम्भिक परीक्षण गर्ने अधिकार राष्ट्रपतिसँग रहेको व्याख्या गरिँदै आएको छ । त्यसैले यदि कुनै अध्यादेशमा संवैधानिक विवाद वा प्रक्रियागत कमजोरी देखिन्छ भने राष्ट्रपतिले प्रधानमन्त्रीसँग संवाद गर्न थप स्पष्टता माग्न वा समय लिन सक्ने तर्क गरिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार झण्डै दुईतिहाइ नजिकको बहुमतसहित बनेको छ । यस्तो अवस्थामा विधेयकमार्फत कानुन बनाउने पर्याप्त क्षमता हुँदाहुँदै किन अध्यादेश रोजियो भन्ने प्रश्न पनि उठेको छ । राजनीतिशास्त्री डा. भेषराज घिमिरेका अनुसार सरकार तत्काल परिणाम देखाउने दबाबमा छ । जनअपेक्षा उच्च भएकाले द्रुत निर्णयको छवि बनाउन अध्यादेशलाई प्राथमिकता दिइएको हुन सक्छ ।

तर, आलोचकहरू भने लोकतन्त्रमा प्रक्रिया स्वयंमा मूल्यवान् हुने बताउँछन् । संसद्बाट छलफल, संशोधन र सहमतिका चरणहरू पार गरेर कानुन बनाउँदा समय लागे पनि त्यसले दीर्घकालीन वैधता र स्वीकृति सुनिश्चित गर्ने उनीहरूको तर्क छ । यसबीच, अध्यादेश रोकिएको घटनापछि विपक्षी दलहरूले राष्ट्रपतिलाई आफ्नो निर्णयमा अडिग रहन आग्रह गरेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बुधबार नै अध्यादेशमार्फत शासन चलाउने वालेन्द्र सरकारको प्रवृत्तिले संसदीय प्रणाली कमजोर हुने चेतावनी दिएका थिए ।

संविधानविद्हरूका अनुसार राष्ट्रपतिले आफ्नो विवेक प्रयोग गर्ने दायरा सीमित भए पनि पूर्णरूपमा शून्य छैन । विशेषगरी राष्ट्रिय सुरक्षा, सार्वभौमिकता, नागरिक अधिकार वा संवैधानिक संरचनासँग सम्बन्धित विषयमा गम्भीर प्रश्न उठेमा राष्ट्रपतिले सक्रिय भूमिका खेल्न सक्छन् । केहीले भने राष्ट्रपतिको यस्तो सक्रियता आवश्यक नियन्त्रण र सन्तुलनको सिद्धान्तअनुसार स्वाभाविक हुने बताएका छन् । उनीहरूका अनुसार बहुमतको सरकार कहिलेकाहीँ हतारोमा निर्णय लिन सक्छ, जसलाई सन्तुलनमा राख्न राष्ट्रप्रमुखको भूमिका महत्त्वपूर्ण हुन्छ ।

■■■

### संघको विवाद...

गुरुङले सल्लाहकारको निलम्बन फिर्ता लिएको जनाएका छन् । साथै, संस्थाका पदाधिकारीको राजीनामाको विषयमा निर्णय लिने कुरा आफ्नो क्षेत्राधिकारभित्र पर्ने भएकाले कसैको पनि राजीनामा स्वीकृत नभएको पनि भनेका छन् ।

'अहिलेको परिस्थितिमा व्यवसायीको हित, सुरक्षा र संरक्षणलाई मध्यनजर गर्दै जिम्मेवारीबाट नभागी जुटेर अघि बढ्न आह्वान गर्छु,' उनले भने, 'सबै चिज यथावत्रूपमा सञ्चालन गर्ने निर्णय भएको छ । सल्लाहकारको निलम्बन कार्यान्वयन नहुने तथा राजीनामाको विषय अध्यक्षको क्षेत्राधिकारभित्र परेकाले राजीनामा अस्वीकृत भएको छ ।' सो छलफलमा विवादले अर्को समस्या निम्त्याउने भन्दै पूर्वअध्यक्षहरूको सुझावअनुसार मिलेर जाने मौखिक समहति भएको बताइएको छ ।

■■■

### श्रमिकसँग...

श्रमिकसँग आफूले बुझाएको नगदको बिल/भर्पाइ केही नहुँदा समस्या हुँदै आएको छ । सरकारले खाडीका सात मुलुक तथा मलेसियामा जानेहरूबाट १० हजार रूपैयाँमात्र सेवा शुल्क लिन पाउने नीतिगत व्यवस्था गरेपछि म्यानपावरहरूले सेवा शुल्क नगदमै लिँदै आएका छन् । उक्त सेवा शुल्कबाहेक अतिरिक्त रकमसमेत श्रमिकसँग लिने गरेको बताइन्छ । यसरी श्रमिकसँग अनधिकृतरूपमा रकम लिने प्रवृत्तिलाई निरुत्साहित गर्न बैंकिङ कारोबार अनिवार्य गरिएको विभागको भनाइ छ ।

■■■

### निजी...

पत्रकार महासंघसँगै मिडिया एलायन्स नेपाल, मिडिया सोसाइटी, नेपाल विज्ञापन संघलगायत सञ्चारसम्बद्ध संस्थाहरूले विभेदकारी निर्णय फिर्ता लिन सरकारलाई दबाब दिँदै आएका छन् । यसैबीच सरकारको उक्त निर्णविरुद्ध सर्वोच्च अदालतमा दर्ता भएको मुद्दा विचाराधीन रहेको छ । सरकारी निर्देशनविरुद्ध राहुलकुमार साह र नेपाल मिडिया सोसाइटीको तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार रिट निवेदन दायर गरेका थिए । सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको दाबी रिटमा छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८२ चैत १८ मा सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममार्फत मात्र गर्नुपर्ने भन्दै सबै निकायमा परिपत्र गरेको थियो । सरकारको उक्त निर्णयले विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाएको जिकिरसमेत रिटमा छ ।

सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको अधिवक्ता लुइँटेलले जिकिर गरेका छन् । रिटमा चौथो अंग आतंकित भइसकेकोसमेत उल्लेख छ । रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३, (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्न नगराउन भनी परमादेश माग गरिएको छ ।


## बिमालेख हराएको सूचना

मिति २०८२/१२/०१ गते, रत्नपार्कदेखी जैसीदेवल आउदा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रेनुका मानन्धर**
**बिमालेख नं : ७२१८०००१९९१**
**कम्पनी: एसीयन लाइफ इ.के.ली**
**सम्पर्क नं : ९८४१४९४६०६**

## बिमालेख हराएको सूचना

मिति २०८२/१२/०१ गते, रत्नपार्कदेखी जैसीदेवल आउदा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रेनुका मानन्धर**
**बिमालेख नं : १०१०१२३८०**
**कम्पनी: सूर्यज्योती लाइफ इ.के.ली**
**सम्पर्क नं : ९८४१४९४६०६**

## बिमालेख हराएको सूचना

मिति २०८२/१२/०१ गते, रत्नपार्कदेखी जैसीदेवल आउदा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : सुमेश मानन्धर**
**बिमालेख नं : ७२१८०००१९९०**
**कम्पनी: एसीयन लाइफ इ.के.ली**
**सम्पर्क नं : ९८४१४९४६०६**

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१८

यस कम्पनीको सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१०/२९ गते स्विकृति प्राप्त भई साबिक कम्पनी **घामखेति प्रा.लि.** (प्रा.लि.नं.२६६६९९/०७८/०७९) नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नाम **घामखेति गुरु कम्पनी लि.** अग्रेजीमा **Ghamkheti Guru Company Limited** को कम्पनीले सकार्ने ब्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, १८ वैशाख, २०८३

| | |
|---|---|
| मेष | काममा व्यस्तता बढ्नेछ । तर उपलब्धि पनि राम्रो हुनेछ । |
| वृष | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ । नयाँ योजना अघि बढ्नेछ । |
| मिथुन | चुनौती आए पनि पार गर्न सकिनेछ । आत्मविश्वास बढ्नेछ । |
| कर्कट | यात्राको सम्भावना देखिन्छ । नयाँ अनुभवले फाइदा दिनेछ । |
| सिंह | काममा सफलता मिल्नेछ । नयाँ अवसरले उत्साह बढाउनेछ । |
| कन्या | आर्थिक पक्ष सुधार हुने संकेत छ । धैर्यले राम्रो नतिजा दिनेछ । |
| तुला | सानो गल्तीले तनाव दिन सक्छ । सोचेर मात्र निर्णय गर्नुहोस् । |
| वृश्चिक | परिवारबाट सहयोग मिल्नेछ । मन शान्त र सकारात्मक रहनेछ । |
| धनु | नेतृत्व क्षमताले सफलता दिलाउनेछ । सम्मान प्राप्त हुने दिन छ । |
| मकर | कुम्भस् सोचेर अघि बढ्नु राम्रो हुनेछ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| कुम्भ | मन खुसी रहनेछ । प्रेम र सम्बन्धमा सुधार आउनेछ । |
| मीन | मेहनतको राम्रो फल मिल्नेछ । आर्थिक लाभ हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ वैशाख, २०८३ (१ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.९७ | १५१.५७ |
| युरो | १ को | १७६.५७ | १७७.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.५५ | २०४.३६ |
| स्विस फ्रैन्क | १ को | १९१.१६ | १९१.९२ |
| अस्ट्रेलियन डलर | १ को | १०८.१३ | १०८.५६ |
| क्यानाडियन डलर | १ को | ११०.४६ | ११०.९० |
| सिङगापुर डलर | १ को | ११८.१८ | ११८.६५ |
| जापानी येन | १० को | ९.४५ | ९.४९ |
| चिनियाँ युआन | १ को | २२.०८ | २२.१७ |
| साउदी अरब रियाल | १ को | ४०.२५ | ४०.४१ |
| कतारी रियाल | १ को | ४१.४१ | ४१.५८ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१० | ४१.२६ |
| मलेसियन रिङेट | १ को | ३८.२० | ३८.३५ |
| दक्षिण कोरियन वन | १०० को | १०.२३ | १०.२७ |
| स्विडिस क्रोनर | १ को | १६.२८ | १६.३४ |
| डेनिस क्रोनर | १ को | २३.६३ | २३.७२ |
| हङकङ डलर | १ को | १९.२६ | १९.३४ |
| कुवेती दिनार | १ को | ४९२.७२ | ४९४.६८ |
| बहराइन दिनार | १ को | ४००.१९ | ४०१.७८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# अभिभावकको रोजाइमा परेका सामुदायिक विद्यालयमा यसरी हुँदै छन् विद्यार्थी भर्ना




■ प्रकाश सिलवाल

**काठमाडौं–** नयाँ शैक्षिकसत्र सुरू भएसँगै अभिभावकको रोजाइमा परेका केही सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराउन अभिभावक, शिक्षक-कर्मचारीलाई भ्याइनभ्याइ छ ।

अधिकांश निजी लगानीका विद्यालयमा वैशाख १५ गतेदेखि पढाइ सुरु भइसकेको छ भने सामुदायिक विद्यालयमा भर्ना जारी छ । सामुदायिक विद्यालयले नयाँ विद्यार्थी भर्ना फाराम वितरण, संकलन र प्रवेश परीक्षाको तयारी गरेको छ । विद्यार्थीको चाप हुने सामुदायिक विद्यालयमा गुणस्तर कायम गर्न भनी सामान्य शुल्क पनि लिने गरिएको छ ।

संविधान र कानुनअनुसार सामुदायिक विद्यालयमा शुल्क लिन पाइँदैन तर अतिरिक्त कक्षा, पूर्वाधार व्यवस्थापन र अंग्रेजी माध्यममार्फत पढाइका लागि सहयोग शुल्क लिइएको ती विद्यालयका प्रधानाध्यापकले जनाएका छन् । प्रवेश परीक्षाका नाममा विद्यार्थीलाई 'पास-फेल' गराउन नपाइने भएकाले भर्ना प्रक्रियालाई सरल बनाउन ती विद्यालयले आन्तरिक मापदण्ड बनाएका छन् । सामुदायिक विद्यालयले यही वैशाख २१ गतेदेखि कक्षा सञ्चालनको तयारी गरेका छन् ।

काठमाडौंको बाफलस्थित ज्ञानोदय माध्यमिक विद्यालयले सीमित क्षमताका कारण ४३० जनासम्म नयाँ विद्यार्थी भर्ना लिने तयारी गरेको छ । सो विद्यालयका प्रधानाध्यापक विष्णु घिमिरेले नयाँ भर्नामा धेरै भीड नहोस् भनेर दोस्रो अर्धवार्षिक परीक्षाको नतिजामा कुनै पनि विषयमा 'एनए' (नन् ग्रेडेड) नआएका विद्यार्थीलाईमात्रै फाराम भर्नयोग्य बनाइएको बताए । सो विद्यालयमा कक्षा १-१२ मा चार हजार ६०० विद्यार्थी अध्ययनरत छन् ।

सो विद्यालयले नेपाल सरकारको वैशाख १५ देखि नयाँ शैक्षिकसत्र आरम्भ गर्ने निर्णय गरेपछि यसअघि वैशाख ३ गते तय गरिएको कक्षा इसिडीदेखि कक्षा ९ सम्मको विद्यार्थी भर्ना कार्यक्रम स्थगन गरी वैशाख १४ गतेबाट इसिडी कक्षा सञ्चालन गरेको छ । कक्षा ४ देखि ९ सम्म वैशाख १५ गतेदेखि मात्रै भर्ना सञ्चालन गरेको छ । विद्यालयले कक्षा ३ र ७ मा नयाँ भर्ना नलिने नीति लिएको छ । हाल सोही विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि वैशाख १५ देखि १८ गतेसम्म माथिल्लो कक्षामा नाम टिपाउन सूचित गरिएको छ । 'नर्सरीमा भर्नाका लागि सरस्वती पूजाका दिन जो पहिला आए तिनै विद्यार्थीलाई सिट क्षमताअनुसार भर्ना लिएका छौं । कक्षा ४ देखि माथिको कक्षामा विद्यालयको स्तरअनुसार मापदण्ड बनाएर छान्दै आएका छौं,' प्रधानाध्यापक घिमिरेले भने, 'सरकारको लगानी अपुग भएको स्थितिमा पूर्वाधार व्यवस्थापन र अतिरिक्त कक्षा सञ्चालनका लागि तिर्न सक्ने अभिभावकसँग सहयोग पनि लिँदै आएका छौं ।'

प्रधानाध्यापक घिमिरेले पानी, बत्तीलगायत पूर्वाधारमा काठमाडौं महानगरपालिकाको स्रोतबाट धान्न नसकिएको तथा गणित, कम्प्युटरलगायत अतिरिक्त कक्षाका लागि तल्लो कक्षामा वार्षिक चार हजार रूपैयाँ र कक्षा १० मा मासिक ७०० रूपैयाँका दरले सात हजार २०० रूपैयाँसम्म सहयोग शुल्क लिने बाध्य भएको बताए ।

काठमाडौंकै त्रिपुरेश्वरस्थित विश्व निकेतन माध्यमिक विद्यालयमा कक्षा आठका लागि ३२५ नयाँ विद्यार्थीका लागि स्थान रहेकामा दुई हजार १०० ले आवेदन फाराम भरेका छन् । विद्यालयका प्रधानाध्यापक हेरम्भराज कँडेलले नयाँ शैक्षिकसत्रका लागि विद्यार्थी प्रवेश निर्धारण तथा छनोट प्रक्रिया जारी रहेको बताए । सो विद्यालयमा कक्षा एकदेखि १२ सम्म चार हजार ४०० विद्यार्थी पढ्छन् । प्रधानाध्यापक कँडेलले सरकारको न्यून बजेटका कारण गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि वर्षभरिका लागि कक्षा एकदेखि आठसम्म न्यूनतम् एक हजार ४०० देखि दुई हजार ९०० रूपैयाँसम्म शुल्क लिने गरेको बताए । उनले करिब १०० विपन्न विद्यार्थीलाई भने पोसाकसहित छात्रवृत्ति दिने गरेको जनाए ।

काठमाडौंकै बालाजुस्थित तरुण माध्यमिक विद्यालयमा नयाँ विद्यार्थीका लागि एक हजार ४०० फाराम वितरण गरिसकेको छ । चाप बढ्न सक्ने भएकाले बिहीबारसम्ममात्रै फाराम वितरण गरेर प्रवेश निर्धारण प्रक्रियाको तयारी गरिने विद्यालयका प्रधानाध्यापक बाबुराम न्यौपानेले जानकारी दिए । दुई हजार विद्यार्थी पढ्ने सो विद्यालयले मौखिक र सामान्य तरिकाबाट प्रवेश परीक्षा चलाउने तयारी गरेको छ । सो विद्यालयमा अभिभावकसँग आर्थिक सहायता शुल्क भनेर वार्षिकरूपमा कक्षा हेरेर बढीमा पाँच हजार रूपैयाँसम्म शुल्क लिने गरिएको छ ।

रानीपोखरीस्थित दरबार हाइस्कुल (भानु मावि), पुतलीसडकको पद्मोदय मावि, मध्य बानेश्वरको रत्नराज्यलक्ष्मी मावि, बालुवाटारको महेन्द्र राष्ट्रिय मावि, कुमारीगालको श्रम राष्ट्रिय मावि, भक्तपुरको मेघा माविलगायतका विद्यालयमा विद्यार्थीको चाप हुने गरेको छ । उपत्यकाबाहिर पनि धेरै विद्यार्थी भएका सामुदायिक विद्यालय सञ्चालित छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रकाशित 'शैक्षिक सूचना, २०८१' अनुसार मुलुकभर परम्परागतसमेत गरी २७ हजार २९८ सामुदायिक (सरकारी) र आठ हजार १४९ संस्थागत (निजी) गरी कूल ३५ हजार ४४७ विद्यालय छन् । उक्त प्रकाशनले विद्यार्थी सङ्ख्याका आधारमा एक हजार एकदेखि एक हजार ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय ४४९, एक हजार ५०१ देखि दुई हजारसम्म विद्यार्थी भएका १३६ र दुई हजारभन्दा माथि संख्यामा विद्यार्थी भएका सामुदायिक विद्यालय १०० वटा रहेको देखाएको छ । *रासस*

## 'बुद्धका सन्देश नै दिगो शान्ति र समृद्धिका आधार'

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले बुद्धका अहिंसा, मैत्री, करुणा र प्रज्ञाका सन्देशलाई व्यवहारमा रूपान्तरण गर्न सकेमामात्र दिगो शान्ति तथा समृद्धिको आधार निर्माण हुने बताएका छन् । ललितपुरको नागवहालमा अवस्थित हीरण्यवर्ण महाविहार तारेमाम् संघको हीरक महोत्सवलाई बिहीबार सम्बोधन गर्दै राष्ट्रपति पौडेलले शान्ति, सहअस्तित्व, मध्यम मार्ग र करुणामा आधारित बुद्ध दर्शनले विश्व समुदायलाई स्थायित्व, सहकार्य तथा आपसी विश्वासको मार्गतर्फ अग्रसर गराउन महत्त्वपूर्ण योगदान खेल्ने बताए ।

राष्ट्रपति पौडेलले भने, 'आजको विश्व अनेकन समस्याहरू द्वन्द्व, स्वार्थपरायणता, आदर्श स्खलन, नैतिकताको क्षयीकरण, असहिष्णुता र मानवीय मूल्यहरूको ह्रासबाट प्रताडित भइरहेको अवस्थामा बुद्धका उपदेशहरू अझ सान्दर्भिक बन्दै गएका छन् ।'

राष्ट्रपति पौडेलले बुद्धका उपदेशले मानव जातिलाई सुख, शान्ति र आनन्द दिलाउने भएकाले उक्त ज्ञानको संसारभर प्रचारप्रसार भइरहेको उल्लेख गर्दै शान्तिका प्रतीकका रूपमा सम्मान गरिने महामानव गौतम बुद्धको जन्मभूमि नेपाल हुनु सबै नेपालीका लागि गौरवको विषय भएको बताए ।

शान्तिका दूत बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालनबाट धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र आपसी सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ एवं सबल बनाउनेतर्फ ध्यान दिनुपर्ने राष्ट्रपति पौडेलले बताए । उनले नेपालमा जन्मिएका बोधिसत्व सिद्धार्थ गौतमबुद्धले प्रतिपादन गरेको बुद्ध धर्म तथा बौद्ध दर्शन विश्वव्यापीरूपमा फैलिएको उल्लेख गर्दै बुद्धले देखाएको चार आर्य सत्य, प्रतीत्यसमुत्पाद र आर्यअष्टांगिक मार्गले विश्वका सबै प्राणीको दुःखबाट मुक्तिको बाटो देखाएको बताए ।

## लागुऔषध कारोबारमा संलग्न अधिकारी पुनः पक्राउ

**पोखरा (प्रस)–** लागुऔषध कारोबारमा संलग्न रहेको आरोपमा भुवन अधिकारी पुनः पक्राउ परेका छन् । प्रहरीले दिएको जानकारीअनुसार ४० वर्षीय अधिकारीले विदेशबाट 'ब्राउन सुगर' आयात गरी पोखरामा पटक-पटक बिक्री वितरण गर्दै आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीका अनुसार उनी यसअघि पनि लागुऔषधसम्बन्धी मुद्दामा संलग्न भई लामो समयदेखि प्रहरीको निगरानीमा थिए । पछिल्ला आठ वर्षयता विभिन्न चरणमा हिरासतमा बस्दै आएका अधिकारी पुनः सक्रिय भएको सूचनाका आधारमा पक्राउ गरिएको हो । प्रहरीले उनको साथबाट लागुऔषध बरामद गरेको र थप अनुसन्धान जारी रहेको जनाएको छ ।


**युएइमा रोजगार** — कम्पनी : BEAUTY ICON LADYS BEAUTY

पूर्व स्वीकृति मिति : २०८१/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 308233 | चलानी नं. ६०२३२३८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner/utility | 0 | 1 | 800 | ३३,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician-Hair Stylist/Pedicurist/Manicurist/Complexion Massure/Nail Art/Hena | 0 | 1 | 1200 | ४९,५७५ | | | | | | | |
| 3. | Receptionist | 0 | 1 | 1200 | ४९,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Munal Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**साउदीमा रोजगार** — कम्पनी : DAILY STYLE DELICIOUS FOOD TRADING EST.

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341349 | चलानी नं. ६०२५४६७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweets Maker | 2 | 0 | 1200 | ४८,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AFAQ AL MASARAT GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341350 | चलानी नं. ६०२५४६७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unload Worker | 1 | 0 | 1600 | ६४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MEZAJ MAGRIBI DAN FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341351 | चलानी नं. ६०२५४६७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 3 | 0 | 1000 | ४०,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.) श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**कतारमा रोजगार** — कम्पनी : JASSIM AND ABDULAAL CLEANING CO.

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 332077 | चलानी नं. ६०२४५८०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 0 | 11 | 1000 | ४१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL JAZIRA CONSTRUCTION AND DEVELOPMENT

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 321723 | चलानी नं. ६०२३५८३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 3 | 0 | 1200 | ४९,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Masons | 1 | 0 | 1200 | ४९,९७० | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1200 | ४९,९७० | | | | | | | |
| 4 | Executive Sales | 3 | 0 | 3000 | १२४,९२५ | | | | | | | |
| 5 | Heavy Equipment Driver. | 1 | 0 | 1900 | ७९,१२० | | | | | | | |
| 6 | Labor | 9 | 0 | 1000 | ४१,६७० | | | | | | | |
| 7 | Marketing Represnt | 3 | 0 | 3000 | १२४,९२५ | | | | | | | |
| 8 | Plumber | 1 | 0 | 1200 | ४९,९७० | | | | | | | |
| 9 | Reinforc Fitters | 1 | 0 | 1200 | ४९,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



**कुवेतमा रोजगार** — कम्पनी : NEPALI BEAUTY SALON COMPANY — शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८३/०१/१७ | चलानी नं.: ६०२५४६५१ | LT.No.: 341236

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician/ Manicure Pedicure | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ७४,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | FEMALE NAIL ARTIST | 0 | 3 | | 150 | ७४,११२ | | | | | | | |
| 3. | HAIRDRESSER (FEMALE) | 0 | 3 | | 150 | ७४,११२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ बैशाख २५ गते (8 May, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



**बहराइनमा रोजगार** — कम्पनी : NOOF JEWELLERY WLL

पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 333971 | चलानी नं. ६०२४७६६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales/salesman/ Salesgirl | 5 | 3 | 150 | ६०,२७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**K & C International Pvt. Ltd**
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633



**मलेसियामा रोजगार** — कम्पनी : MUDA PASIFIK SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341314 | चलानी नं. ६०२५४६४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 13 | 0 | 1700 | ६५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**KINGFISHER OVERSEAS PVT.LTD** श्रम इजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Cell : 9822518721, Email: kingfisheroverseasnepal@gmail.com



**मलेसियामा रोजगार** — कम्पनी : SPLENDID TACTIC SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 332246 | चलानी नं. ६०२४५९१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 4 | 0 | 1700 | ६५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



**कतारमा रोजगार** — कम्पनी : KAFTYRYA WM'SRH T'M AL-SHAY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 338054 | चलानी नं. ६०२५१५६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1400 | ५८,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 5 | 2 | 1200 | ४९,९७० | | | | | | | |
| 3 | Cashier | 6 | 0 | 1500 | ६२,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ र २६ गते (8 & 9 May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Jasmine Overseas Pvt. Ltd.** श्रम इजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



**साउदीमा रोजगार** — कम्पनी : BRIO SWEETS & COFFEE

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341276 | चलानी नं. ६०२५४६३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 6 | 0 | 1500 | ६०,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Noor Overseas Pvt. Ltd** श्रम इजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



**मलेसियामा रोजगार** — कम्पनी : SUPERB ALUMINIUM SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341278 | चलानी नं. ६०२५४६७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 10 | 0 | 1700 | ६५,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Api Manpower Solutions Pvt Ltd** Lic No. 1115/073/074
Kusunti-14, Lalitpur, Nepal, Tel:+977-01-5454927, 5454928, Shree prasad Khakural 9851043059
E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com



**मलेसियामा रोजगार** — कम्पनी : TEXCHEM-PACK SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 341166 | चलानी नं. ६०२५४५१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1700 | ६५,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Fari Global Overseas Pvt. Ltd.** श्रम इजाजत नं. १८०७/०८२/०८३
Sinamangal-9, Kathmandu, Nepal. Tel- +977-015928190, Bhawani Shrestha 9768552740
Email:- fariglobaloverseas1807@gmail.com



**साउदीमा रोजगार** — कम्पनी : SUNBUN RESTAURANT FOR MEALS — सच्याइएको — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 339699 | चलानी नं. ६०२५४८३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 3 | 0 | 1000 | ४०,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH SALEM AL-OMARI GENERAL CONTRACTING COMPANY — शेवा शुल्क: १0,000

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340776 | चलानी नं. ६०२५४४३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 5 | 0 | 1000 | ४०,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TOPAZ GD FOUNDATION — शेवा शुल्क: १0,000

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340777 | चलानी नं. ६०२५४४३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 10 | 0 | 1500 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper/kitchen Worker/kitchen Cleaner | 11 | 0 | 1000 | ४०,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २१ गते (4th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**भुलसुधार सूचना :** यस राष्ट्रिय दैनिकको वर्ष १३, अंक ४ (मिति २०८३ बैशाख १४) मा प्रकाशित विज्ञापनमा कम्पनीको नाम, कर्मचारीको माग संख्या, तलब रूपान्तरण लगायतका विवरणहरू त्रुटिपूर्ण भएकोले सो सम्बन्धी सम्पूर्ण विवरणहरू सच्याइएको व्यहोरा जानकारी गराउदैं पुन प्रकाशन गरिएको छ ।

**Al Faraz International Overseas Pvt. Ltd**
Gaurighat, Gaurinagar, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सेनाको 'अस्वाभाविक' सक्रियतामाथि नागरिक प्रश्न

नेपाली सेना ऐतिहासिकरूपमा एक भरपर्दो र अनुशासित संस्था मानिन्छ । विशेषगरी विपद् व्यवस्थापन र कठिन भूगोलमा विकास निर्माणका कार्यमा सेनाले पुऱ्याएको योगदान अतुलनीय छ । तर, पछिल्लो समय सुकुम्बासीहरूको लगत संकलनका लागि देशका विभिन्न स्थानीय तहलाई पत्राचार गर्ने सेनाको कदमले भने गम्भीर प्रश्नहरू उब्जाएको छ । 'विपद् व्यवस्थापन' को नाममा सुकुम्बासी बस्तीको विवरण संकलन गर्ने यो प्रयासले सेनाको क्षेत्राधिकार र नागरिक शासनको मर्यादाबीचको रेखा धमिलो बनाउन खोजेको देखिन्छ ।

संविधानको धारा २६७ ले नेपाली सेनालाई राष्ट्रिय सुरक्षाका अतिरिक्त विपद् व्यवस्थापन र विकास निर्माणमा परिचालन गर्न सकिने बाटो खोलेको छ । तर, यसको अर्थ सेनाले नागरिक प्रशासनको समानान्तर संयन्त्रका रूपमा काम गर्न पाउँछ भन्ने कदापि होइन । सुकुम्बासीको तथ्यांक राख्ने, उनीहरूको वर्गीकरण गर्ने र व्यवस्थापन गर्ने प्राथमिक जिम्मेवारी स्थानीय तह र भूमिसम्बन्धी आयोगहरूको हो । सेनाले सीधै स्थानीय सरकारलाई पत्राचार गरी विवरण माग गर्नुले प्रचलित 'चेन अफ कमाण्ड'लाई चुनौती दिएको छ । बर्दियाका मधुवन र गेरुवाजस्ता स्थानीय तहहरूले विवरण दिन अस्वीकार गर्नुलाई विधिको शासन र संघीयताको मर्म जोगाउने एउटा सचेत कदमका रूपमा लिन सकिन्छ ।

विवादको अर्को कडी वर्तमान राजनीतिक नेतृत्व र सेनाबीचको 'अदृश्य' सम्बन्धसँग जोडिएको छ । २०८२ भदौको 'जेन–जी' विद्रोहपछि मुलुकमा जुन राजनीतिक शून्यता देखियो, त्यसलाई चिर्न सेनाले खेलेको भूमिका र वर्तमान प्रधानमन्त्री वालेन्द्र शाहको सेनाप्रतिको झुकावलाई नागरिक समाजले संशयका साथ हेरिरहेको छ । प्रधानमन्त्री बनेपछि संसद्मा देशवासीलाई सम्बोधन गर्नुभन्दा सेनाको कार्यक्रममा गएर बोल्नुले लोकतान्त्रिक संस्थाहरूभन्दा सैन्य संस्थालाई बढी महत्त्व दिएको सन्देश प्रवाह भएको छ । सुकुम्बासी बस्ती हटाउने क्रममा मनोहरा क्षेत्रमा देखिएको तनावमा सेनाको उपस्थिति र लगत्तै सुरु भएको लगत संकलनको प्रयासले यी आशंकाहरूलाई थप मलजल गरेको छ ।

यदि सरकारले सुकुम्बासीहरूको दीर्घकालीन व्यवस्थापनका लागि सेनाको जनशक्ति उपयोग गर्न खोजेको हो भने पनि त्यसको एउटा स्पष्ट कानुनी प्रक्रिया हुनुपर्छ । सेनाले आफैं अग्रसरता लिनु उपयुक्त होइन । लोकतन्त्रमा सेना जहिले पनि नागरिक सरकारको मातहतमा रहनुपर्छ र यसका गतिविधिहरू पारदर्शी हुनुपर्छ । विपद् व्यवस्थापनको तर्क दिँदैमा सेनाले आफ्ना विशिष्ट कार्यक्षेत्रभन्दा बाहिर गएर गरिने कार्यहरूले अन्ततः सेनाकै व्यावसायिक गरिमामा आँच पुऱ्याउँछ ।

अतः सरकारले सेनाको भूमिका र क्षेत्राधिकारका विषयमा उब्जिएका यी प्रश्नहरूको स्पष्ट जवाफ दिनु जरुरी छ । सेनालाई विवादमा तान्ने काम नेतृत्वबाटै हुनु दुःखद छ । सुरक्षा निकायहरूलाई उनीहरूको संवैधानिक परिधिभित्रै राख्नु र नागरिक प्रशासनलाई बलियो बनाउनु नै आजको लोकतान्त्रिक आवश्यकता हो । सेनाको काम सीमा सुरक्षा र विशिष्ट विपद्मा सहयोग गर्ने हो, नागरिकको घर–दैलोको लगत संकलन गर्ने होइन । यो लक्ष्मणरेखा नमिचियोस् ।

**श्रम सरोकार**

### सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

#### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

#### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# मधेसको श्रमबजारमा एजेण्ट र तालिम केन्द्रको 'सिण्डिकेट'



❑ मोहनकुमार दाहाल

> "वैदेशिक रोजगारी नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण आधार भएकाले यसलाई पारदर्शी, सुरक्षित र न्यायपूर्ण बनाउन एजेण्ट र तालिम केन्द्रहरूमा भइरहेको अनियमितता नियन्त्रण गर्नु अपरिहार्य छ । यो केवल केही व्यक्तिको आर्थिक शोषणकोमात्र विषय होइन, यो सम्पूर्ण प्रणालीप्रतिको विश्वास र देशको भविष्यको प्रश्न हो । यदि यसलाई समयमै नियन्त्रण गर्न सकिएन भने, यसले हजारौं युवाहरूको भविष्यसँगै समग्र वैदेशिक रोजगारी प्रणालीप्रतिको विश्वासमा गम्भीर असर पार्न सक्छ ।

नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने वैदेशिक रोजगारी पछिल्लो समय मधेस प्रदेशमा एउटा सीमित तर शक्तिशाली समूहको अवैध कमाइको माध्यम बन्दै गएको गम्भीर अवस्था देखिएको छ । वैदेशिक रोजगारीमा जाने क्रममा एजेण्ट र तालिम केन्द्रहरूको 'सिण्डिकेटले युवाको भविष्यमाथि गम्भीर खेलबाड गरिरहेको अवस्था देखिन थालेको छ । हरेक वर्ष लाखौं युवा रोजगारीको खोजीमा विदेसिन्छन्, जसले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । तर, पछिल्लो समय मधेसको श्रमबजारमा यो आयस्रोत नै केही सीमित एजेण्ट र तालिम केन्द्रहरूको अवैध कमाइको माध्यम बन्दै गएको गम्भीर अवस्था देखिन थालेको छ ।

विशेषगरी जनकपुर, महोत्तरी, सर्लाही, रौतहट, वीरगञ्ज, लहान र सिरहाजस्ता जिल्लाहरूबाट ठूलो संख्यामा युवा रोजगारीको खोजीमा विदेसिने गर्दछन् । तर, यस प्रक्रियामा देखिएको अनियमितता, अवैध कमिसन प्रथा र एजेण्ट-प्रशिक्षण केन्द्रहरूको घनिष्ठ सञ्जालले वैदेशिक रोजगारी क्षेत्रलाई गम्भीररूपमा प्रभावित बनाएको छ । पछिल्लो समय जनकपुर क्षेत्रका केही एजेण्टहरू र तथाकथित तालिम केन्द्रहरूले युवाहरूबाट अत्यधिक रकम असुल्ने, प्रक्रिया अपारदर्शी बनाउने र कानुनी व्यवस्थालाई छल्ने कार्य गरिरहेको गुनासो व्यापकरूपमा उठिरहेको छ । यो केवल एक सामान्य अनियमिततामात्र नभई संगठित अपराधको रूपमा विकसित हुँदै गएको देखिन्छ, जहाँ श्रमिकको ठूलो समूहलाई नियन्त्रण गर्ने र उनीहरूको कमजोरीको फाइदा उठाउने काम व्यवस्थित ढंगले हुँदै आएको छ ।

स्थानीयस्तरमा सक्रिय केही एजेण्टहरू रामबाबु, जिबाच र दिनेश काल्पनिक नामहरूले वैदेशिक रोजगारीमा पठाउने नाममा म्यानपावर कम्पनीले तोकेको आधिकारिक दरभन्दा दोब्बर वा सोभन्दा बढी रकम असुल्दै आएका छन् । सरकारीरूपमा तोकिएको शुल्क र प्रक्रियाभन्दा बाहिर गएर रकम उठाउने यस्तो प्रवृत्तिले श्रमिकहरूलाई आर्थिकरूपमा शोषणमात्र होइन, विभिन्न जोखिममा पनि पार्ने गरेको देखिन्छ । यी एजेण्टहरूको सञ्जाल मधेसका गाउँगाउँसम्म फैलिएको छ । उनीहरूसँग स्थानीय तहका केही जनप्रतिनिधि, प्रशासनिक कर्मचारी र सुरक्षा निकायका सदस्यहरूसम्मको पहुँच रहेको आरोप पनि छ, जसले गर्दा यो अवैध कारोबारलाई दबाउन सकिएको छैन ।

यसैगरी जनकपुरमा सञ्चालनमा रहेका केही तालिम केन्द्रहरूले तालिमको नाममा आवश्यकभन्दा बढी शुल्क लिने, अनिवार्य नभएको तालिमसमेत बाध्य पार्ने र सम्पूर्ण प्रक्रिया आफ्नै नियन्त्रणमा राख्ने अभ्यास गरिरहेको पीडितहरूको गुनासो छ । उनीहरूले म्यानपावर कम्पनीबाट प्राप्त डिमाण्ड लेटरका आधारमा स्थानीय एफएम रेडियोमार्फत विज्ञापन गर्ने, युवाहरूको पासपोर्ट संकलन गर्ने र सम्पूर्ण प्रक्रिया नियन्त्रणमा राख्ने कामसमेत गर्दै आएका छन् । यसरी उनीहरूले एउटा यस्तो सञ्जाल निर्माण गरेका छन् जहाँ श्रमिक प्रत्यक्षरूपमा म्यानपावर कम्पनीसम्म पुग्नै सक्दैनन् र हरेक चरणमा उनीहरूकै बिचौलियाको भूमिका अनिवार्य हुन पुगेको छ । यो सञ्जालले वैदेशिक रोजगारीलाई एउटा व्यवसायको रूपमामात्र नभई एउटा 'इण्डस्ट्री'कै रूपमा स्थापित गरेको छ, जहाँ श्रमिकको मूल्यांकन उनीहरूको सीप र क्षमताको आधारमा नभई उनीहरूले तिर्न सक्ने अवैध कमिसनको आधारमा गरिन्छ ।

अझ गम्भीर कुरा के हो भने, धेरैजसो युवाहरूले सीधै म्यानपावर कम्पनीसँग सम्पर्क गर्ने सट्टा यिनै एजेण्ट र तालिम केन्द्रमार्फत प्रक्रिया अघि बढाउने गरेका छन् । यस क्रममा उनीहरूले आफ्नो पासपोर्ट, नगद रकम र अन्य महत्त्वपूर्ण कागजात एजेण्टलाई सुम्पिन्छन् । अधिकांश आर्थिक कारोबार नगदमै हुने भएकाले कुनै आधिकारिक अभिलेख रहँदैन, जसले भविष्यमा समस्या आए प्रमाण जुटाउन कठिन बनाउँछ । यस्ता नगद कारोबारले पारदर्शितामा गम्भीर प्रश्न उठाउनुका साथै कर छलीको सम्भावनालाई पनि बढाउँछ । वैदेशिक रोजगार विभागले तोकेको नियमअनुसार सम्पूर्ण प्रक्रिया पारदर्शी र कानुनी हुनुपर्ने भए पनि व्यवहारमा केही एजेण्टहरूले म्यानपावर कम्पनीको श्रमिक कोटा अग्रिम नगद दिएर 'किन्ने' र त्यसमा आफ्ना ग्राहक पठाउने अभ्यास बढ्दो रहेको आरोप छ । यसरी एक प्रकारको ब्रोकरेज प्रणाली विकसित हुँदै गएको छ जहाँ श्रमिकमात्र होइन, म्यानपावर कम्पनीहरू पनि यही अवैध सञ्जालमा बाँधिन पुगेका छन् । यस अवस्थामा म्यानपावर कम्पनीहरू पनि एजेण्टहरूमा निर्भर हुन बाध्य छन् किनभने उनीहरूसँगै गाउँ-गाउँमा पुग्ने र युवा परिचालन गर्ने क्षमता छ । यसले गर्दा एजेण्टहरूले म्यानपावर कम्पनीहरूमाथिसमेत दबाब सिर्जना गर्न सक्ने अवस्था देखिन्छ ।

यसरी बनेको सञ्जालमा म्यानपावर कम्पनी, एजेण्ट र तालिम केन्द्रबीच अघोषित सहकार्य रहेको देखिन्छ । एजेण्टहरूले गाउँ-गाउँमा पुगेर युवाहरूलाई आकर्षित गर्छन्, तालिम केन्द्रहरूले शुल्क असुल्छन् र अन्ततः श्रमिक विदेश पठाइन्छ । यस क्रममा वास्तविक खर्चभन्दा धेरै गुणा बढी रकम श्रमिकले तिर्नुपर्दा उनीहरू आर्थिकरूपमा कमजोर बन्ने र ऋणको चक्रमा फस्ने जोखिम बढ्छ । उदाहरणका लागि, मलेसियाको कुनै कम्पनीले आधिकारिकरूपमा पाँच लाख रूपैयाँ शुल्क तोकेको अवस्थामा एजेण्टहरूले १० लाख रूपैयाँसम्म असुल्ने गरेको पीडितहरूले बताएका छन् । यो अतिरिक्त रकम कुनै कानुनी आधारविना नै एजेण्ट र तालिम केन्द्रबीच बाँडफाँट हुने गरेको आरोप छ ।

कतिपय अवस्थामा गलत सूचना, अपूर्ण कागजात वा नक्कली विवरणका आधारमा विदेश पठाइने घटनाले श्रमिकलाई थप कानुनी समस्यामा पार्ने गरेको छ । साथै, केही एजेण्टहरूले यस्ता गतिविधिबाट उल्लेखनीय आर्थिक लाभ उठाएको र उनीहरूको विलासी जीवनशैली देखिन थालेको भन्दै अवैध आम्दानी र कर छलीको आशंका पनि बढ्दै गएको छ । यी एजेण्टहरूले आफ्नो घर र गाडीको स्टाटस सिम्बलमात्र नभई गाउँका युवाहरूमाझ आफ्नो 'शक्ति' देखाउने माध्यमको रूपमासमेत प्रयोग गर्न थालेका छन्, जसले थप युवाहरूलाई उनीहरूकै जालमा फस्न प्रोत्साहित गरिरहेको छ । गाउँका गरिब र अशिक्षित युवाहरूले यी एजेण्टहरूलाई 'ठूलो मान्छे' को रूपमा हेर्न थालेका छन्, जसले गर्दा उनीहरूमाथिको भरोसा अझ बढ्दै गएको छ ।

यस अवस्थाले वैदेशिक रोजगारीमा जाने युवाहरूको सुरक्षा र अधिकारमा गम्भीर असर पारिरहेको छ । धेरैजसो युवाहरू ऋण लिएर विदेश जान बाध्य हुन्छन्, तर अत्यधिक शुल्कका कारण उनीहरू ऋणको चक्रमा फस्ने जोखिममा पर्छन् । केही युवाहरू त विदेश पुगेपछि मात्र थाहा पाउँछन् कि उनीहरूले तिरेको शुल्क अत्यधिक थियो र वास्तविक रोजगारदाताले त्यति रकम मागेको थिएन । यस्तो अवस्थामा श्रमिकहरूले महिनौंसम्म ऋण तिर्नुपर्ने बाध्यता हुन्छ, जसले उनीहरूको मानसिक र आर्थिक अवस्था दुवैलाई कमजोर बनाउँदछ । कतिपयले त ऋण तिर्न नसकेर थप जोखिमपूर्ण अवस्थामा पनि फस्ने गरेका छन् । यसरी यो सिण्डिकेटले एउटा यस्तो शृंखला निर्माण गरेको छ जहाँ युवा ऋणमा डुब्ने, एजेण्ट धनी हुने र अन्ततः समग्र अर्थतन्त्र नै प्रभावित हुने अवस्था सिर्जना भएको छ । मधेसका धेरै परिवारहरू यसरी एउटा सदस्यलाई विदेश पठाउन लिएको ऋणका कारण वर्षौंसम्म त्यो ऋण तिर्न बाध्य छन् । यसले घरेलु अर्थतन्त्रमासमेत गम्भीर असर पारिरहेको छ । घरैमा रहेका बालबालिका र वृद्धवृद्धाको हेरचाहमासमेत कमी आएको छ, किनभने परिवारको मुख्य कमाउने सदस्य ऋण तिर्न विदेसिएको हुन्छ भने घरमा बाँकी सदस्यहरू त्यही ऋणको तनावले ग्रस्त हुन्छन् ।

यस समस्याको समाधानका लागि सरकार र सम्बन्धित निकायहरूले कडा र प्रभावकारी कदम चाल्न आवश्यक छ । एजेण्ट प्रणालीलाई अनिवार्य दर्ता र नियमनमा ल्याउने, सबै आर्थिक कारोबार डिजिटल माध्यमबाटमात्र गर्ने व्यवस्था लागू गर्ने, तालिम केन्द्रहरूको नियमित अनुगमन गर्ने र श्रमिकहरूलाई सीधै आधिकारिक म्यानपावर कम्पनीसँग सम्पर्क गर्न सचेत बनाउनेजस्ता उपायहरू अत्यावश्यक छन् । सरकारी अनुगमनलाई प्रभावकारी बनाउन स्थानीय तहलाई पनि यस क्षेत्रमा सक्रिय गराउनुपर्छ । जिल्ला प्रशासन कार्यालय, वैदेशिक रोजगार कार्यालय र स्थानीय प्रहरी प्रशासनबीच समन्वय गरी संयुक्त अनुगमन टोली गठन गर्ने, गोप्य सूचना संकलन प्रणाली विकास गर्ने र पीडितहरूका लागि सहज उजुरी केन्द्र स्थापना गर्ने खाँचो देखिन्छ । विशेषगरी जनकपुर, वीरगञ्जलगायतका ठूला सहरहरूमा यस्ता संयुक्त अनुगमन टोलीले नियमितरूपमा अनुगमन गर्न आवश्यक छ । तर, हालसम्म यस्तो संयुक्त अनुगमन टोली गठन भएको देखिँदैन । जनकपुरको वैदेशिक रोजगार कार्यालयमा जनशक्ति र स्रोतको अभाव छ, जसले गर्दा नियमित अनुगमन गर्न सकिरहेको छैन । यसलाई सम्बोधन गर्न सरकारले तत्काल थप जनशक्ति र बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

त्यस्तै, श्रमिकहरूलाई उनीहरूको अधिकार, प्रक्रिया र सुरक्षाका उपायहरूबारे जानकारी गराउन व्यापक सचेतना अभियान सञ्चालन गर्नुपर्छ । स्थानीय एफएम रेडियो, सामुदायिक रेडियो र सामाजिक सञ्जाललाई प्रभावकारीरूपमा प्रयोग गर्दै जनचेतनामूलक कार्यक्रमहरू नियमितरूपमा प्रसारण गर्नुपर्छ । विद्यालय र कलेजहरूमा वैदेशिक रोजगारीसम्बन्धी जागरूकता कार्यक्रमहरू सञ्चालन गर्ने र युवाहरूलाई सानैदेखि यसबारे जानकारी दिन थाल्नुपर्छ । मधेसका धेरै गाउँहरूमा अझै पनि साक्षरता दर कम छ र सूचनाको पहुँच न्यून छ । यस्तो अवस्थामा एजेण्टहरूले सजिलै युवाहरूलाई गलत सूचना दिन सक्छन् ।

यसैले सचेतना अभियानहरू विशेषगरी ग्रामीण क्षेत्रहरूमा केन्द्रित हुनुपर्छ । यसका साथै, सरकारले वैदेशिक रोजगारीको प्रक्रियालाई सरल, पारदर्शी र सहज बनाउन ई-गभर्नेन्स प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । सबै म्यानपावर कम्पनीहरूका लागि अनलाइन पोर्टल अनिवार्य गर्ने, श्रमिकहरूले आफैंले अनलाइनमा आवेदन दिन सक्ने व्यवस्था मिलाउने र प्रक्रियागत पारदर्शिता सुनिश्चित गर्नुपर्छ । हाल, अधिकांश युवाहरूलाई अनलाइन प्रक्रियाको जानकारी नहुँदा उनीहरू एजेण्टमा निर्भर हुन बाध्य छन् । यसैले सरकारले प्रत्येक स्थानीय तहमा वैदेशिक रोजगारी सहायता केन्द्र स्थापना गरी त्यहाँबाट निःशुल्क परामर्श र अनलाइन आवेदनको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

अवैध कमिसन प्रथा नियन्त्रण गर्न सरकारले भुक्तानी प्रणालीलाई अनिवार्यरूपमा बैंकिङ प्रणालीसँग जोड्नुपर्छ । कुनै पनि प्रकारको शुल्क बैंक खातामार्फत मात्र भुक्तानी गर्ने व्यवस्था गर्नुपर्छ र नगद कारोबारलाई पूर्णरूपमा प्रतिबन्ध लगाउनुपर्छ । यसले हरेक कारोबारको अभिलेख रहने र कर छलीको सम्भावना पनि न्यून हुने छ । तर, हाल अधिकांश कारोबार नगदमै हुने गरेको छ र यसको कुनै अभिलेख रहँदैन । यसले एजेण्टहरूलाई आफूले लिएको कमिसनको कुनै प्रमाण नदिने अवसर दिएको छ ।

साथै, यस्ता अवैध कार्यमा संलग्न एजेण्ट, तालिम केन्द्र र म्यानपावर कम्पनीहरूमाथि कारबाही गर्न छुट्टै टास्क फोर्स गठन गर्नुपर्छ । यो टास्क फोर्सले नियमितरूपमा गोप्य अनुगमन, सूचना संकलन र आवश्यक कारबाही गर्न सक्नुपर्छ । कारबाहीको प्रक्रिया पनि सरल र पीडितमैत्री बनाउनुपर्छ ताकि पीडितहरूले उजुरी दिन हिच्किचाउनु नपरोस् । हाल, पीडितहरूले प्रहरी वा प्रशासनमा उजुरी गर्दा लामो समय प्रक्रियामा बस्नुपर्ने, पटक-पटक धाउनुपर्ने र आर्थिक खर्च पनि व्यहोर्नुपर्ने अवस्था छ । यसले गर्दा धेरै पीडितहरूले उजुरी नै गर्न छाडेका छन् । यसैले पीडितमैत्री उजुरी केन्द्र र द्रुत कारबाहीको व्यवस्था गर्न आवश्यक छ ।

यससँगै, वैदेशिक रोजगारीमा जाने युवाहरूको सीप विकासमा पनि ध्यान दिनुपर्ने देखिन्छ । हाल, धेरैजसो तालिम केन्द्रहरूले गुणस्तरीय तालिम दिन सकेका छैनन् । उनीहरूले तालिमको नाममामात्र शुल्क असुल्ने काम गरिरहेका छन् । यसैले सरकारले तालिम केन्द्रहरूको मूल्यांकन गर्ने, प्रमाणीकरणको व्यवस्था गर्ने र गुणस्तरीय तालिममात्र सञ्चालन गर्न अनुमति दिने व्यवस्था गर्नुपर्छ । यसले मात्र नभई युवाहरूले गुणस्तरीय तालिम पाउने र विदेशमा राम्रो रोजगारी पाउने सम्भावना पनि बढ्ने छ । मधेस प्रदेशमा अझै पनि प्राविधिक शिक्षा र व्यावसायिक तालिमका लागि पर्याप्त संस्थाहरू छैनन् । युवाहरू जागिरको खोजीमा विदेश जानुअघि सीप सिक्नका लागि पनि ठूला सहरहरू धाउन बाध्य छन् । यसैले प्रदेश सरकारले प्रत्येक स्थानीय तहमा आइटिआई (औद्योगिक प्रशिक्षण संस्था) स्तरका संस्थाहरू स्थापना गर्नुपर्ने आवश्यकता देखिन्छ ।

अर्को महत्त्वपूर्ण पक्ष भनेको स्थानीय तहहरूको भूमिका हो । संविधानले वैदेशिक रोजगारीलाई स्थानीय तहको सूचीमा राखेको छ । तर, मधेसका अधिकांश स्थानीय तहहरूले यस क्षेत्रमा कुनै उल्लेखनीय काम गर्न सकेका छैनन् । उनीहरूले वैदेशिक रोजगारीमा जाने युवाहरूको अभिलेख राख्ने, उनीहरूलाई आवश्यक परामर्श दिने, रोजगारीपछि फर्किएकाहरूलाई पुनःस्थापनाका लागि सहयोग गर्नेजस्ता काम गर्न सक्ने भए पनि यसतर्फ ध्यान दिएका छैनन् । यसैले स्थानीय तहहरूलाई पनि यस क्षेत्रमा सक्रिय बनाउन आवश्यक छ । जिल्ला समन्वय समितिहरूले पनि यस विषयमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । हाल, केही स्थानीय तहहरूले वैदेशिक रोजगारी व्यवस्थापन समिति गठन गरे पनि ती समितिहरू प्रभावकारी बन्न सकेका छैनन् । ती समितिहरूलाई आवश्यक जनशक्ति, बजेट र प्राविधिक सहायता उपलब्ध गराउनुपर्ने आवश्यकता छ ।

यसरी बनेको सिण्डिकेटको पछाडि अर्को महत्त्वपूर्ण पक्ष भनेको राजनीतिक संरक्षण हो । मधेसका केही एजेण्टहरू स्थानीय राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूसँग नजिक रहेको र उनीहरूकै संरक्षणमा यो अवैध कारोबार फस्टाउँदै गएको आरोप पनि छ । यसैले यसलाई केवल प्रशासनिकमात्र नभई राजनीतिक समस्यानको रूपमा पनि हेर्नुपर्ने देखिन्छ । राजनीतिक दलहरूले पनि यस विषयमा स्पष्ट धारणा राख्नुपर्ने र आफ्ना कार्यकर्ताहरू यस्तो अवैध कारोबारमा संलग्न भए पाउँदैनन् भन्ने सन्देश दिनुपर्ने आवश्यकता छ । केही स्थानीय सञ्चारमाध्यमहरूले यस विषयमा बोल्ने गरे पनि धेरैजसोले यो विषयलाई गम्भीरतापूर्वक उठाएका छैनन् । सञ्चारमाध्यमहरूले पनि यस विषयलाई नियमितरूपमा उठाउँदै जनमत निर्माणमा भूमिका खेल्नुपर्ने देखिन्छ ।

प्रवासी नेपालीहरूको संलग्नता पनि यस सन्दर्भमा महत्त्वपूर्ण छ । विदेशमा रहेका नेपाली श्रमिकहरूले मधेसका आफन्तहरूलाई सचेत गराउनसक्ने भूमिका खेल्न सक्छन् । उनीहरूले सही प्रक्रिया, खर्चको विवरण र आवश्यक सावधानीहरूबारे आफन्तहरूलाई जानकारी गराउन सक्छन् । यसले गर्दा एजेण्टहरूले गलत जानकारी दिएर युवाहरूलाई ठग्ने सम्भावना कम हुने छ । यसका साथै, प्रवासी नेपालीहरूले आफूले काम गर्ने देशहरूको श्रम कानुन र श्रमिकको अधिकारबारे पनि जानकारी लिनुपर्ने र आवश्यक परेमा कानुनी सहायता लिन सक्ने व्यवस्थाको पनि जानकारी राख्नुपर्ने देखिन्छ ।

दीर्घकालीन समाधानका लागि वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्यालाई न्यूनीकरण गर्न स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने आवश्यकता पनि छ । मधेस प्रदेश कृषिप्रधान क्षेत्र भएकोले यहाँ कृषिमा आधारित उद्यमशीलता विकास गर्न सकिन्छ । साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन गर्ने, सीपमूलक तालिम दिएर युवाहरूलाई आत्मनिर्भर बनाउनेजस्ता कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । प्रदेश सरकारले युवा उद्यमशीलता कोष स्थापना गरी सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न सक्छ । यसले गर्दा धेरै युवाहरू विदेश जान बाध्य हुने अवस्थाको अन्त्य हुने छ । तर, यसका लागि स्थानीयस्तरमै बजार पहुँच, कच्चा पदार्थको उपलब्धता र प्राविधिक सहायताको व्यवस्था गर्नुपर्ने चुनौती पनि छ । यसलाई सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक देखिन्छ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**कतारमा रोजगार** कम्पनी : MEWISH CONTRACTING CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341296 | चलानी नं. ६०२५४६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/mason | 3 | 0 | 1300 | ५४,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer/gardener | 3 | 0 | 1300 | ५४,१३५ | | | | | | | |
| 3 | Mason (Nepal) | 3 | 0 | 1400 | ५८,३०० | | | | | | | |

कम्पनी : AL MASTER TRADING CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341206 | चलानी नं. ६०२५४६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Hotel) | 5 | 0 | 1000 | ४१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hood/Filter Cleaner | 5 | 0 | 1000 | ४१,६४० | | | | | | | |
| 3 | Male Hospital Cleaner | 5 | 0 | 1000 | ४१,६४० | | | | | | | |
| 4 | Office Cleaner | 5 | 0 | 1000 | ४१,६४० | | | | | | | |
| 5 | Road Const. Labor | 4 | 0 | 1000 | ४१,६४० | | | | | | | |
| 6 | Road Maintenance Labor. | 5 | 0 | 1000 | ४१,६४० | | | | | | | |
| 7 | Toilet Cleaner | 9 | 0 | 1000 | ४१,६४० | | | | | | | |
| 8 | Male Hospital Cleaner | 5 | 0 | 1000 | ४१,६४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, 9806131199
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoverseas.com

**युएइ/कतार/साउदीमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!

कम्पनी : KELVIN CATERING SERVICES (EMIRATES) LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 327376 | चलानी नं. ६०२४११७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook/cooks | 7 | 0 | 1600 | ६६,१०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Butchery | 2 | 0 | 1800 | ७४,३६४ | | | | | | | |
| 3. | Foreign Food Cook | 35 | 0 | 1800 | ७४,३६४ | | | | | | | |
| 4. | Painter Wall | 1 | 0 | 1800 | ७४,३६४ | | | | | | | |
| 5. | Supervisor/gen. Supervisor | 3 | 1 | 2500 | १०३२८३ | | | | | | | |
| 6. | Waiter (General) | 0 | 7 | 1200 | ४९,५७६ | | | | | | | |

कम्पनी : MAJESTIC MEDICAL HOME CARE

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 316614 | चलानी नं. ६०२३०८७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light Vehicle | 1 | 0 | 1500 | ६२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TRIPLE BAY REAL ESTATE COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341233 | चलानी नं. ६०२५४६२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 2625 | १०६,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TRIPLE BAY REAL ESTATE COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341234 | चलानी नं. ६०२५४६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Staff | 5 | 0 | 2625 | १०६,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeper | 4 | 0 | 2625 | १०६,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen, Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



म्यानमारको बोटाताउङ प्यागोडामा भगवान् बुद्धको जन्मोत्सवका अवसरमा बुद्धको मूर्तिमा पानी चढाउँदै बौद्ध धर्मावलम्बीहरू । *तस्बिर: एएफपी*

# सजाय कटौतीले सुकीको नजरबन्द छोटिन सक्ने संकेत

**यांगुन-** म्यान्माको सैन्य नेतृत्वले सबै कैदीहरूको सजाय एक-छैटौंले घटाउने निर्णय गरेसँगै अपदस्थ नेता आङ सान सुकीको नजरबन्द अवधि पनि छोटिन सक्ने संकेत देखिएको छ । बिहीबार घोषणा गरिएको यो सामूहिक सजाय कटौतीले देशको राजनीतिक अवस्थामाथि नयाँ बहस सिर्जना गरेको छ ।

राष्ट्रपति बनेका सैन्य प्रमुख मिन आङ ह्लाइङको कार्यालयले सार्वजनिक बिदाको अवसरमा कैदीहरूको बाँकी सजाय एक-छैटौंले घटाइने जनाएको हो । यद्यपि उक्त निर्णयमा कुनै पनि कैदीको नाम सार्वजनिक गरिएको छैन । तर नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) निकट एक स्रोतका अनुसार ८० वर्षीया सुकीले पनि यस कटौतीबाट लाभ पाउने बताइएको छ ।

सन् २०२१ को सैन्य 'कू' पछि नजरबन्दमा राखिएकी सुकीको वास्तविक बाँकी सजाय कति छ भन्ने अझै स्पष्ट छैन । एनएलडीका एक वरिष्ठ सदस्यले सुरक्षाका कारण नाम नखुलाउने सर्तमा सुकीको सजाय घटे पनि कति समय घट्यो भन्ने यकीन नभएको बताए ।

सैन्य नेतृत्वले पाँच वर्षअघि सुकीको निर्वाचित सरकार हटाउँदै सत्ता कब्जा गरेको थियो । त्यसपछि उनीमाथि विभिन्न आरोप लगाउँदै बन्द अदालतमार्फत मुद्दा चलाइएको थियो । भ्रष्टाचारदेखि कोभिड-१९ नियम उल्लंघनसम्मका अभियोगमा उनलाई तीन दशकभन्दा बढी कैद सजाय सुनाइएको थियो ।

पछि सन् २०२३ मा केही मुद्दामा आममाफी दिइएपछि उनको सजाय २७ वर्षमा झरेको थियो । पछिल्ला निर्णयहरूले भने उक्त सजाय क्रमशः घट्दै गएको संकेत दिएका छन् । यसअघि पनि मिन आङ ह्लाइङले यस्तै प्रकारको सामूहिक सजाय कटौतीको आदेश जारी गरेका थिए, जसले सुकीको सजाय थप घटाएको थियो ।

उक्त निर्णयसँगै सुकीका नजिकका सहयोगी तथा पूर्वराष्ट्रपति विन मिन्टलाई पनि माफी दिइएको थियो । यसले सुकीको नजरबन्द अवस्था पनि क्रमशः खुकुलो हुन सक्ने अनुमानलाई बल दिएको छ । तर म्यान्माको न्याय प्रणाली अपारदर्शी रहेकाले सुकीले हालसम्म कति सजाय भुक्तान गरिसक्नुभएको छ र अब कति समय घट्ने छ भन्ने विषय अझै अन्योलमै छ । राजनीतिक विश्लेषकहरूले यस अवस्थालाई सैन्य नेतृत्वको रणनीतिक कदमका रूपमा हेरिरहेका छन् ।

डेमोक्रेसीसम्बन्धी निगरानी संस्थाहरूले भने यस्ता कदमलाई वास्तविक सुधारभन्दा पनि सरकारको छवि सुधार्ने प्रयासका रूपमा टिप्पणी गरेका छन् । उनीहरूका अनुसार सैन्य शासनले अन्तर्राष्ट्रिय दबाब कम गर्न यस्ता प्रतीकात्मक निर्णयहरू गरिरहेको छ । सुकी म्यान्माभित्र अझै पनि लोकप्रिय राजनीतिक व्यक्तित्वका रूपमा रहेकी छन् । तर उनको स्वास्थ्य अवस्था कमजोर रहेको भन्दै परिवारले चिन्ता व्यक्त गर्दै आएको छ । उनलाई लामो समयदेखि बाह्य सम्पर्कबाट लगभग अलग राखिएको छ । यसबीच, म्यान्माको राजनीतिक संक्रमण अझै अन्योलपूर्ण अवस्थामा छ, जहाँ सैन्य नेतृत्वका निर्णयहरूले सीमित सुधारको संकेत दिए पनि पूर्णलोकतान्त्रिक पुनःस्थापनाको सम्भावना भने अस्पष्ट देखिएको छ । *रासस⁄एएफपी*

# नाकाबन्दीले थिचिँदै इरान



**वासिङ्टन-** इरानमाथि जारी अमेरिकी नौसैनिक नाकाबन्दी महिनौंसम्म लम्बिन सक्ने संकेतसँगै विश्व तेल बजारमा तीव्र उथलपुथल देखिएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको दबाब रणनीतिलाई अझै कडा बनाउने बताउँदै नाकाबन्दीलाई बम आक्रमणभन्दा प्रभावकारी ठहर गरेका छन्, जसले तेलको मूल्य चार वर्षयताकै उच्च बिन्दुमा पुगेको छ ।

इरान र अमेरिकाबीच कूटनीतिक प्रयास ठप्प अवस्थामा पुगेपछि तनाव थप चुलिएको हो । यही क्रममा ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्ता गरेका थिए । पुटिनले अमेरिका र इजरायलले फेरि इरानमाथि युद्ध चर्काए 'हानिकारक परिणाम' आउने चेतावनी दिएको बताइएको छ ।

तेल उद्योगसँग सम्बन्धित अधिकारीहरूसँगको भेटमा ट्रम्पले इरानी बन्दरगाहहरूको नाकाबन्दीलाई निर्णायक कदमका रूपमा व्याख्या गरे । तेहरानले कुनै पनि सम्झौताअघि उक्त नाकाबन्दी हटाउन माग गरिरहेको छ । तर अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम) का अनुसार नाकाबन्दी उल्लंघन गर्ने प्रयासमा रहेका ४२औं व्यापारिक जहाजलाई समेत फर्काउन सफल भएको छ । यसबाट करिब छ अर्ब डलरबराबरको छ करोड ९० लाख ब्यारेल तेल बजारमा आउन नपाएको दाबी गरिएको छ ।

युद्धको प्रभाव अमेरिकी आन्तरिक राजनीतिमा पनि देखिन थालेको छ । यो संघर्ष आममतदातामाझ लोकप्रिय नभएकाले ट्रम्पमाथि युद्ध अन्त्य गर्न राजनीतिक दबाब बढ्दो छ । साथै, तेलको मूल्यवृद्धि हुँदा अमेरिकी उपभोक्ताको खर्च बढेको छ भने अमेरिकी सहयोगी देशहरू पनि असुरक्षामा परेका छन् ।

ह्वाइट हाउसका एक अधिकारीका अनुसार ट्रम्प प्रशासनले विश्वव्यापी तेल आपूर्ति सन्तुलनमा राख्ने उपायहरूबारे छलफल गर्दै आवश्यक परे नाकाबन्दी लामो समयसम्म कायम राख्ने तयारी गरेको छ । ट्रम्पले एक अन्तर्वार्तामा इरानमाथि दबाब तीव्ररूपमा बढिरहेको बताउँदै आगामी दिनमा थप कडा कदम चालिने संकेत दिएको छ ।

यसबीच, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उकालो लागिरहेको छ । अमेरिकी बेञ्चमार्क ब्रेन्ट तेलको मूल्य १२२.५३ डलरसम्म पुगेपछि हाल करिब १२० डलरमा स्थिर भएको छ भने वेस्ट टेक्सास इन्टरमिडियट करिब १०८ डलर आसपासमा कारोबार भइरहेको छ ।

इरानले आफ्नो रणनीतिक स्थान (हर्मुज जलघाँटी) मार्फत प्रतिकारको संकेत दिएको छ । विश्वको करिब पाँचौं भाग तेल यही मार्गबाट ओसारपसार हुने भएकाले यसको नियन्त्रणले विश्व अर्थतन्त्रमा गम्भीर असर पार्न सक्छ ।

युरोपेली मोर्चामा पनि मतभेद देखिएका छन् । जर्मनीले इरानविरुद्धको युद्धमा प्रत्यक्ष समर्थन गर्न वा शान्ति सेनामा योगदान दिन अस्वीकार गरेपछि ट्रम्पले जर्मनीमा रहेका अमेरिकी सैनिक संख्या घटाउने चेतावनी दिएको छ । जर्मन नेतृत्वले कूटनीतिक समाधानलाई प्राथमिकता दिनुपर्ने धारणा राख्दै आएको छ ।

अमेरिकी उच्च अधिकारीहरूले इरानसँग संवादको प्रयास गरे पनि त्यहाँको शक्ति संरचनाबारे स्पष्टता नहुँदा वार्ता प्रभावकारी हुन सकेको छैन । इजरायली आक्रमणपछि इरानका शीर्ष नेतृत्व तहमा क्षति पुगेकाले निर्णय प्रक्रियामा अन्योल देखिएको छ ।

युद्धको मानवीय असर पनि गम्भीर बन्दै गएको छ । संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडिपी)ले चेतावनी दिँदै युद्ध र त्यसबाट बढेको मलको मूल्यका कारण १६० देशका तीन करोडभन्दा बढी मानिस गरिबीमा धकेलिन सक्ने जनाएको छ । संस्थाका प्रमुखले यस अवस्थालाई 'उल्टो विकास'को संकेत भनेका छन् ।

इरानभित्र आर्थिक संकट गहिरिँदै गएको छ । राष्ट्रिय मुद्रा रियाल डलरको तुलनामा ऐतिहासिक न्यून बिन्दुमा झरेको छ । तेहरानका सर्वसाधारणले विगतका वार्ताहरूले जीवनस्तर सुधार्न नसकेको गुनासो गरेका छन् । एक स्थानीय बासिन्दाका अनुसार हरेक वार्तापछि जनताको आर्थिक अवस्था थप बिग्रिएको अनुभव छ ।

यसैबीच, इरानले अमेरिकी नाकाबन्दी हटाएपछि मात्र हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण खुकुलो पार्ने प्रस्ताव गरेको छ । तर वासिङ्टनले उक्त प्रस्तावप्रति अविश्वास प्रकट गरेको छ । क्षेत्रीय तनाव अझै कम भएको छैन । इजरायल र इरान समर्थित समूहहरूबीचको द्वन्द्वका कारण लेबनानमा पनि हिंसा जारी छ । युद्धविराम विस्तार भए पनि इजरायली आक्रमणहरू रोकिएका छैनन् । हालैका आक्रमणहरूमा लेबनानी सैनिकहरू घाइते र एक जनाको मृत्यु भएको बताइएको छ ।

लेबनानका राष्ट्रपतिले स्थायी शान्तिका लागि वार्ता नै एकमात्र उपाय भएको उल्लेख गर्दै युद्धविराम पूर्णरूपमा कार्यान्वयन हुनुपर्ने बताएका हुन् । तर निरन्तर हिंसाले मानवीय संकट गहिरिँदै गएको छ, जहाँ १२ लाखभन्दा बढी मानिस भोकमरीको जोखिममा पर्ने आकलन गरिएको छ । *रासस⁄एएफपी*

# मध्यपूर्व तनाव चर्किंदा तेलदेखि कूटनीतिसम्म असर



**पेरिस-** मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्र, कूटनीति र सुरक्षा अवस्थामाथि एकसाथ गहिरो प्रभाव पारिरहेको छ । तेलको मूल्य चार वर्षयताकै उच्च बिन्दुमा पुगेको छ भने अमेरिका, युरोप र रुसबीचको सम्बन्ध पनि थप जटिल बन्दै गएको छ । यसबीच सैन्य गतिविधि, कूटनीतिक वार्ता र आर्थिक असरहरू समानान्तर रूपमा तीव्र भएका छन् ।

ऊर्जा बजारमा सबैभन्दा स्पष्ट प्रभाव देखिएको छ । यो डेलिभरीका लागि ब्रेन्ट कच्चा तेलको मूल्य सात प्रतिशतभन्दा बढी बढेर १२६.४१ डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियट पनि ३.४ प्रतिशतले बढ्दै ११०.३१ डलरमा पुगेको छ । इरानमाथि अमेरिकी नाकाबन्दी कडा बनाइँदै जाँदा आपूर्ति असन्तुलनको डरले बजार उकालो लागेको हो ।

सैन्य पक्षमा, अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम) ले नाकाबन्दी उल्लंघन गर्ने प्रयास गरेका ४२औं व्यावसायिक जहाजलाई समेत सफलतापूर्वक फर्काइएको जनाएको छ । यससँगै करिब छ अर्ब डलर मूल्य बराबरको छ करोड ९० लाख ब्यारेल तेल बोकेका ४१ ट्याांकरहरू बजारमा प्रवेश गर्न नपाएको दाबी गरिएको छ ।

यसैबीच, अमेरिका र जर्मनीबीचको सम्बन्धमा तनाव देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मनीले इरानविरुद्धको युद्धमा साथ नदिएपछि त्यहाँ तैनाथ ३५ हजारदेखि ५० हजार अमेरिकी सैनिक घटाउने विचार गरिरहेको बताएका छन् । जर्मन चान्सलर फ्रेडरिक मर्जले कूटनीतिक समाधानमा जोड दिँदै युद्धमा सहभागी हुन अस्वीकार गरेपछि यो विवाद चर्किएको हो ।

अर्कोतर्फ, रुसले युद्ध विस्तारप्रति गम्भीर चेतावनी दिएको छ । राष्ट्रपति भ्लादिमिर पुटिनले ट्रम्पसँगको टेलिफोन वार्तामा इरानमाथि पुनः सैन्य आक्रमण नगर्न आग्रह गरेका छन् । उनले युद्धविराम विस्तारको निर्णयलाई सकारात्मक भने पनि सैन्य कारबाही पुनः सुरु भए 'गम्भीर र हानिकारक परिणाम' आउने चेतावनी दिए । ट्रम्पले उक्त वार्तालाई सकारात्मक बताउँदै इरानसँगको द्वन्द्व अन्त्य गर्न रुसको सहयोग आवश्यक रहेको उल्लेख गरे ।

युद्धको आर्थिक लागत पनि बढ्दै गएको छ । अमेरिकी रक्षामन्त्री पीट हेग्सेथका अनुसार करिब ६० दिनको द्वन्द्वमा हालसम्म २५ अर्ब डलरभन्दा कम खर्च भएको अनुमान गरिएको छ । यद्यपि, उच्च मात्रामा हतियार प्रयोग भएको विषयमा उठेका चिन्ताहरूलाई उनले अस्वीकार गर्दै आलोचकहरूलाई शत्रुपक्षलाई फाइदा पुऱ्याउने आरोप लगाए ।

रणनीतिकरूपमा अमेरिका लामो समयसम्म इरानमाथि दबाब कायम राख्ने तयारीमा देखिएको छ । रिपोर्टहरूका अनुसार ट्रम्प प्रशासनले तेहरानलाई आणविक कार्यक्रम त्याग्न बाध्य पार्न बन्दरगाहहरूमा दीर्घकालीन नाकाबन्दीको योजना बनाइरहेको छ । साथै, इरानलाई लामो समयसम्म युरेनियम संवर्द्धन रोक्न र कडा प्रतिबन्ध स्वीकार गर्न दबाब दिने रणनीति अपनाइएको छ ।

ट्रम्पले आफ्नो सामाजिक सञ्जालमार्फत पनि कडा सन्देश दिएको छ । उनले इरानले आणविक सम्झौतामा सहमत हुन नसकेको भन्दै चाँडै निर्णय लिनुपर्ने चेतावनी दिए । युद्धको असर अन्य क्षेत्रहरूमा पनि देखिएको छ । क्यानाडामा आयोजित फिफा कांग्रेसमा सहभागी हुन गएका इरानी फुटबल अधिकारीहरूले टोरन्टो विमानस्थलमा भएको व्यवहारप्रति असन्तुष्टि जनाउँदै कार्यक्रमअघि नै देश छोडेका छन् ।

ऊर्जा कम्पनीहरूले भने बढ्दो मूल्यबाट लाभ लिएका छन् । फ्रान्सेली कम्पनी टोटल इनर्जीले पहिलो त्रैमासिकमा ५१ प्रतिशतले नाफा बढ्दै पाँच अर्ब ८० करोड डलर पुगेको जनाएको छ । ब्राजिल र लिबियामा उत्पादन वृद्धि तथा उच्च मूल्यबाट कम्पनीले फाइदा उठाएको उल्लेख गरिएको छ । साथै, साउदी अरेबियामा हवाई आक्रमणपछि बन्द गरिएको सातोर्प रिफाइनरी पुनः सञ्चालनमा आएको छ र दैनिक दुई लाख ३० हजार ब्यारेल क्षमतामा उत्पादन भइरहेको छ ।

क्षेत्रीय सुरक्षा अवस्था भने अझै अस्थिर छ । लेबनानमा इजरायली आक्रमण जारी रहँदा पछिल्ला दुई दिनमा २० जनाभन्दा बढीको मृत्यु भएको छ । राष्ट्रपति जोसेफ आउनले स्थायी वार्ताअघि युद्धविराम पूर्णरूपमा कार्यान्वयन गर्न आग्रह गरेका छन् । इजरायलले भने इरान समर्थित हिजबुल्लाह समूहविरुद्ध दक्षिण लेबनानमा सैन्य कारबाही जारी राखेको छ । *रासस⁄एएफपी*


ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!
शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: HARTA FLEKSIPAK SDN BHD
कम्पनी : हर्त फ्लेक्सीप्याक एसडिएन बिएचडि

Pre Approval Date : 2026-04-30 / पूर्व स्वीकृति मिति : २०८३/०१/१७
LT. No. 341329 / एल टि न. ३४१३२९
Invoice No. 60254659 / चलानी नं. ६०२५४६५९

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary: रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | जेनेरल वर्कर/पि.ओ General Worker/P.O. | ४ 4 | ० 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १७०० 1700 | ६५,००४ 65,004 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in the office on 8th May. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख २५ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोटः आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा शान्ती ओभरसिज प्रा.लि.मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Santi Overseas Pvt. Ltd. to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Santi Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

SANTI OVERSEAS PVT. LTD.
Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769,
Mob: 985-6035708, E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com
श्रम ईजाजत नं. १४९५/०७४/०७५

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २९२७०० | प्रति तोला – ० | प्रति तोला – ४८१०



**ढकमक्कै स्याउ** | मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फाका स्थानीय अगुवा कृषक सुरेन्द्र हिराचनको बगैँचामा स्याउको बोटमा ढकमक्क फुलेको फूल । यस वर्ष अत्यधिक हिमपात भएकै कारण स्याउको बोटमा पर्याप्त फूल फुलेको छ । *तस्बिरः सुशीलबाबु थकाली/रासस*

## रूपान्तरणकारी बजेट ल्याउने अर्थमन्त्रीका घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं –** अर्थमन्त्री डा स्वर्णिम वाग्लेले परम्परागत शैली तोड्दै रूपान्तरणकारी बजेट ल्याइने बताएका छन् । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका लागि पृष्ठपोषण हुनेगरी नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा आयोजित नीतिगत छलफलमा अर्थमन्त्री वाग्लेले पुरानै शैली र प्रवृत्ति तोडेर रूपान्तरणकारी बजेट ल्याइने स्पष्ट पारे ।

उनले परिणाममुखी र सुधार केन्द्रित बजेट ल्याइने बताए । बजेटबारे आम नागरिकमा रहेको अतिरञ्जना र भ्रमप्रति टिप्पणी गर्दै उनले बजेटलाई सरकारको आय-व्यय व्यवस्थापनको व्यावहारिक दस्तावेजका रूपमा बुझ्नुपर्ने धारणा राखे ।

उनका अनुसार आगामी बजेट निर्माणका लागि सबै मन्त्रालयलाई राष्ट्रिय स्रोत अनुमान समितिले तोकेको करिब १८ खर्ब ९० अर्ब रूपैयाँको सीमाभित्रै रहेर योजना बनाउन निर्देशन दिइएको छ । यद्यपि आर्थिक रूपान्तरणका लागि अहिलेको सिलिङ अपर्याप्त रहेको टिप्पणी पनि उनले गरे ।

विगतमा राजस्व क्षमताभन्दा ठूलो आकारको बजेट ल्याउने प्रवृत्तिले समस्या निम्त्याएको उल्लेख गर्दै उनले आगामी वर्षका लागि करिब १३ खर्ब ३० अर्ब रूपैयाँ बराबरको अनिवार्य दायित्व रहेको र देशको राजस्व क्षमता करिब ११ खर्ब ८० अर्ब रूपैयाँ हाराहारी मात्र रहेको जानकारी दिए । अर्थमन्त्री वाग्लेले यस्तो अवस्थाले अनिवार्य दायित्व धान्नसमेत चुनौती देखिएको उल्लेख गर्दै ऋण परिचालनको आफ्नै दायित्व र सीमाहरू रहेको बताए । करिब १९ खर्ब रूपैयाँको बजेटले करिब ७० खर्ब रूपैयाँको अर्थतन्त्रलाई प्रभावकारी रूपमा चलायमान बनाउन सक्ने वा नसक्ने प्रश्न महत्त्वपूर्ण रहेकाले विनियोजनको कुशलता र कार्यान्वयन क्षमतामा जोड दिईने उनले बताए ।



> आगामी बजेट निर्माणका लागि सबै मन्त्रालयलाई राष्ट्रिय स्रोत अनुमान समितिले तोकेको करिब १८ खर्ब ९० अर्ब रूपैयाँको सीमाभित्रै रहेर योजना बनाउन निर्देशन दिइएको छ ।
>
> ■ **डा. स्वर्णिम वाग्ले**
> **अर्थमन्त्री**

सीमित स्रोतका कारण नतिजा नदिने तथा प्रभावहीन कार्यक्रमहरू कटौती गरिने संकेत गर्दै उनले सार्वजनिक खर्चलाई रणनीतिक रूपमा बढाएर अर्थतन्त्र चलायमान बनाउने नीति अवलम्बन गरिने बताए । साथै सामाजिक क्षेत्रमा लगानीलाई पनि समान प्राथमिकता दिइने उनको भनाइ थियो । सीमित स्रोत साधनका बीच पनि सुशासन, सहज सेवा प्रवाह, रोजगारी सिर्जनालगायत विषयलाई केन्द्रमा राखेर आर्थिक राजकाजको जहाज मोड्ने गरी बजेट ल्याइने उनको भनाइ छ ।

राजस्व परिचालन सुदृढ गर्न कर सुधारलाई प्राथमिकतामा राखिने उल्लेख गर्दै उनले विद्यमान कर दर अव्यावहारिक भएको गुनासोप्रति सरकार संवेदनशील रहेको बताए । आयकर र भन्सार दर उच्च भएको विषयमा पुनरावलोकन गरिने र करको बोझ घटाएर खपत वृद्धि गर्ने लक्ष्यका साथ बजेट तयारी भइरहेको उनले स्पष्ट पारे । 'कर घट्दा राजस्व घट्छ भन्ने परम्परागत सोचमा सरकार छैन', उनले भने ।

बजेट निर्माणमा सत्तारुढ दलको चुनावी घोषणापत्रलाई मार्गदर्शक बनाइने स्पष्ट पार्दै उनले मध्यम वर्ग तथा उद्यमी व्यवसायीको सुरक्षालाई केन्द्रमा राखिने बताए । खर्च गर्ने क्षमताको कमजोरीका कारण विदेशी अनुदान घट्दै गएको उल्लेख गर्दै उनले कार्यान्वयन क्षमता अभिवृद्धिमा सरकार केन्द्रित रहेको जानकारी दिए ।

रुग्ण बनेका आयोजना, शक्ति र पहुँचका आधारमा बजेटमा समावेश भएका योजना तथा नतिजा नदिने कार्यक्रमहरूलाई बजेटबाट हटाइने संकेत पनि अर्थमन्त्री वाग्लेले गरेका छन् । 'आसेपासे पुँजीवाद झल्किने कार्यक्रम कटौती गरी सुशासनको सन्देश दिनुपर्छ', उनले भने ।

निजी क्षेत्रलाई अर्थतन्त्रको प्रमुख संवाहकका रूपमा चित्रण गर्दै उनले इमानदार व्यवसायीलाई डराउनुपर्ने अवस्था नरहेको तर व्यवसायको नाममा अनियमितता गर्नेप्रति सरकार कडा रूपमा प्रस्तुत हुने चेतावनी दिए ।

## एमआरपी स्टिकर नटाँसिएका सामग्रीको भन्सार जाँचपास बन्द

■ प्रभाव संवाददाता

**रसुवा –** चीनबाट आयात गरिएका व्यवसायिक सामग्रीको भन्सार जाँचपास प्रक्रिया रसुवा भन्सार कार्यालय टिमुरेले अस्थायी रूपमा बन्द गरेको छ । आयात गरिएका खाद्य तथा गैरखाद्य वस्तुमा अनिवार्य रूपमा उपभोक्ताका लागि अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गरिएको स्टिकर नटाँसिएका पाइएपछि भन्सार कार्यालयले यस्तो निर्णय लिएको हो ।

नेपालको प्रचलित कानुनी व्यवस्थाअनुसार कुनै पनि देशमा उत्पादन भएका उपभोग्य वस्तु नेपाल भित्रचाउँदा उपभोक्ता संरक्षणका लागि प्रत्येक प्याकेटमा एमआरपी स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ । आयातकर्ता व्यापारीहरूले उक्त नियम पालना नगरी सामग्री ल्याएपछि भन्सार जाँचपास रोकिएको उक्त कार्यालयले जनाएको छ ।

रसुवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईका अनुसार उत्पादक कम्पनी वा आयातकर्ता व्यवसायीले उपभोक्ता मूल्य उल्लेख नगरी सामान आयात गर्नु नियमविपरीत भएकाले त्यस्ता सामग्रीको भन्सार मूल्यांकन तथा जाँचपास रोकिएको हो । हाल उद्योग तथा जलविद्युत् आयोजनासँग सम्बन्धित सामग्रीको भने मूल्यांकन गरी चलानी गरेर छाड्ने गरिएको उनले जानकारी दिए ।

उपभोक्ता हित संरक्षणका लागि सरकारले जारी गरेका ऐन तथा नियम पालना गर्नु सबै सरोकार भएका निकायको साझा जिम्मेवारी भएको उल्लेख गर्दै भट्टराईले चीनबाट सामान आयात गर्दा प्रत्येक प्याकेटमा अनिवार्य रूपमा एमआरपी उल्लेख गरेर मात्रै ल्याउन सबै आयातकर्ता व्यवसायीलाई आग्रह गरे ।

एमआरपी स्टिकरबिना आयात गरिएका सयौँ ट्रक मालसामान हाल भन्सार हाताभित्र पार्किङ अवस्थामा रहेको रसुवा भन्सार कार्यालयले जानकारी दिएको छ । नियम कार्यान्वयन कडाइका साथ अघि बढाइएपछि आयात प्रक्रिया केही समय प्रभावित हुने देखिए पनि यसले उपभोक्ता अधिकार संरक्षणमा सकारात्मक प्रभाव पर्ने स्थानीयले अपेक्षा गरेका छन् ।

## नेप्सेमा परिसूचकमा पाँच अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा लगातार तेस्रो दिन गिरावट देखिएको छ । नेप्से परिसूचक पाँच दशमलव ७३ अंकले घटेर दुई हजार ७३८ दशमलव ७२ को बिन्दुमा कायम भएको हो । बिहीबार ३४६ कम्पनीको एक करोड नौ लाख ७७ हजार ७८३ कित्ता शेयर ८० हजार ४२७ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ९१ करोड ६६ लाख २६ हजार ८४८ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ शून्य दशमलवशून्य दुई र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ८४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक शून्य दशमलव ४८, वित्त शून्य दशमलव २०, होटल तथा पर्यटन शून्य दशमलव शून्य चार, जलविद्युत् शून्य दशमलव ४० र लगानी समूह शून्य दशमलव ४२ प्रतिशतले घटेको छ ।

## रियलमी जिटी–८ प्रो सिरिज नेपालमा

**काठमाडौं (प्रस)–** रियलमीले अत्यन्त प्रतीक्षित रियलमी जीटी ८ प्रो सिरिजलाई नेपालमा यही बैशाख १३ देखि औपचारिक रूपमा सार्वजनिक गरेको छ । नवप्रवर्तन, उच्च कार्यसम्पादन र प्रयोगकर्तामैत्री डिजाइनमा केन्द्रित रहँदै कम्पनीले फ्ल्यागशिप स्मार्टफोन सेग्मेन्टमा आफ्नो उपस्थिति अझ सुदृढ बनाएको छ । प्रिमियम स्मार्टफोन प्रयोगकर्ताको बढ्दो अपेक्षालाई ध्यानमा राखेर तयार गरिएको यो सिरिजले परिष्कृत क्यामेरा प्रविधि, शक्तिशाली प्रोसेसिङ क्षमता र लामो समयसम्मको ब्याट्री क्षमतालाई आकर्षक तथा मजबुत डिजाइनमा समेटेको छ ।

यस प्रिमियम स्मार्टफोनको प्रमुख आकर्षण २०० मेगापिक्सेलको अल्ट्रा-लाइट पेरिस्कोप टेलिफोटो क्यामेरा रहेको छ, जसले तस्बिरको गुणस्तरमा कुनै सम्झौता नगरी टाढाबाट पनि उच्च विवरणसहित जुम सुविधा प्रदान गर्ने बताइएको छ । साथै परिष्कृत रियर भिडियो रेकर्डिङ सुविधा समेत समावेश गरिएको छ, जसअन्तर्गत ३० फ्रेम प्रति सेकेन्डमा ८के, ६० फ्रेम प्रति सेकेन्डमा ४के, साथै ३० फ्रेम प्रति सेकेन्ड र १२० फ्रेम प्रति सेकेन्डमा ४के तथा १०८०पी रेकर्डिङ सुविधा उपलब्ध छन् जसले विभिन्न शूटिङ अवस्थाहरूमा उच्च गुणस्तरका सिनेम्याटिक भिडियो खिच्न सकिने बताइएको छ । यसलाई रिकोह जीआर इमेजिङ प्रणालीले थप परिष्कृत बनाएको छ, जसले प्रकाशको अवस्थाअनुसार स्पष्ट, प्राकृतिक तथा व्यावसायिक गुणस्तरका तस्बिर खिच्न सहयोग पुऱ्याउँछ । त्यस्तै, उपकरणमा नवीनतम स्न्यापड्रागन ८ एलिट जेन ५ फ्ल्यागशिप प्रोसेसर प्रयोग गरिएको छ, जसलाई उन्नत हाइपर भिजन प्लस एआई चिपले साथ दिएको छ । यस संयोजनले गेमिङ, बहुकार्य सञ्चालन तथा सामग्री निर्माणका क्रममा उच्च कार्यसम्पादन, उत्कृष्ट ऊर्जा दक्षता र समग्र प्रयोग अनुभवमा उल्लेखनीय सुधार ल्याउने बताइएको छ ।




जीटी ८ प्रो सिरिज ब्याट्री र चार्जिङ क्षमताका कारण पनि विशेष रहेको छ । यसमा ७००० मिलिअम्पियर-घण्टाको टाइटन ब्याट्री समावेश गरिएको छ, जसले लामो समयसम्म निरन्तर प्रयोगको सुविधा प्रदान गर्ने बताइएको छ। १२० वाट सुपरभोक फ्ल्यास चार्जिङमार्फत केही मिनेटमै उपकरण चार्ज गर्न सकिनेछ भने ५० वाट वायरलेस फ्ल्यास चार्जिङले दैनिक प्रयोगलाई अझ सहज बनाउने अपेक्षा गरिएको छ ।

## पश्चिम एसिया द्वन्द्वको मारमा नेपालको पर्यटन क्षेत्र

■ अच्यूत रेग्मी

**काठमाडौं–** पश्चिम एसियामा विगत केही हप्तादेखि भू-राजनीतिक तनाव बढिरहँदा यसको असर नेपालका अन्य क्षेत्रहरूका अतिरिक्त पर्यटन क्षेत्रमा पनि देखिएको छ ।

अमेरिका, इजरायल र इरानमा जारी द्वन्द्व र अस्थिरताको असर नेपालको पर्यटन क्षेत्रमा देखिएको हो । नेपालमा पर्यटकीययाम सुरु भएपनि पश्चिम एसियामा जारी तनावले नेपाल घुम्न आउन चाहेका विदेशी पर्यटकले पनि भ्रमणको योजना पछि सारेका पाइएको छ ।

नेपाल एशोसियसन टुर्स एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)का पूर्वअध्यक्ष सिएन पाण्डे पश्चिम एसियाको समस्याले संयुक्त अरब इमिरेट्स, कतार र टर्कीजस्ता 'ट्रान्जिट प्वाइन्ट'मा समेत तनाव बढेको बताउँछन् । यसका कारण उडान अनिश्चित हुँदा नेपाल आउने पर्यटकको सङ्ख्यामा कमी आएको उनी बताउँछन् ।

एकातिर उक्त द्वन्द्वका कारण हवाई इन्धनको मूल्यमा भारी वृद्धि भएको छ भने अर्कातर्फ नियमित र छोटा उडान पनि अव्यावहारिक र निकै लामो एवं झन्झटिलो ट्रान्जिटका साथ हुने गर्नाले उडान पनि कम हुने गरेका छन् ।

यसरी पर्यटकीय सिजनको मुखमा हवाई इन्धनको मूल्य बढ्दा टिकटको दरसमेत उच्च भएका कारण नेपालमा अपेक्षाअनुसारको पर्यटक आउन नसकेको नाट्टाका पूर्वअध्यक्ष पाण्डे बताउँछन् ।

नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२५ को मार्चको तुलनामा सन् २०२६ को मार्चमा नेपालमा आउने विदेशी पर्यटकको संख्यामा कमी आएको छ । सन् २०२५ को मार्चमा एक लाख २१ हजार ६८७ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२६ को मार्चमा भने एक लाख २० हजार ५१६ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । सन् २०२५ को जनवरीमा ७९ हजार ९९१ र फेब्रुअरीमा ९६ हजार ८८० पर्यटक नेपाल भित्रिएकामा यस वर्षको जनवरीमा ९२ हजार ५७३ र फेब्रुरीमा एक लाख पाँच हजार ४४१ पर्यटक नेपाल भित्रिएका थिए । भूकम्प, नाकाबन्दी र कोरोना महामारीबाट थलिएको नेपालको पर्यटन क्षेत्र पश्चिम एसियाको द्वन्द्वको मारमा परेको हो ।

नेपालदेखि हङकङ हप्ताको सातैदिन उडान भर्दै आएको क्याथे प्यासिफिक एयरलाइन्स नेपालकी प्रमुख जुनु मलेखु इन्धनको मूल्य बढेसँगै हवाई टिकट बढ्दा यात्रुलाई ठूलो समस्या परेको बताउँछिन् । 'पश्चिम एसियाको द्वन्द्व सुरु हुनुपूर्व नेपालदेखि हङकङ हुँदै नेपाल आएको ८० देखि ८५ हजार भाडा लाग्ने गरेकामा द्वन्द्वपछि इन्धनको मूल्य बढ्दा भाडा सस्तो टिकटको रु एक लाख पाँच हजार पुगेको छ, यसले गर्दा ट्राभल गर्नुपर्ने व्यक्तिबाहेक अन्यले टिकट 'क्यान्सिल' गरेको अवस्था छ', उनी भन्छिन् ।

नेपाल पर्यटन बोर्डका सञ्चालक समिति सदस्य कुमारमणि थपलिया हवाई इन्धनको मूल्य बढ्दा यसको प्रत्यक्ष असर नेपालको पर्यटन क्षेत्रमा परेको बताउँछन् । पछिल्लो समय पश्चिम एसियाको द्वन्द्व केही शान्त भए पनि हवाई भाडा बढ्दा नेपाल भित्रिने पर्यटकमा कमी आएको उनको भनाइ छ ।

हवाई इन्धन र हवाई भाडा बढ्दा यसको असर लामो समयसम्म पर्छ कि भन्ने चिन्ता थपिएको सदस्य थपलिया बताउँछन् । कतिपय एयरलाइन्सले उडान मार्ग परिवर्तन गर्नुका साथै टिकट दर बढाएका कारण यात्रु अन्य गन्तव्य रोज्न बाध्य भएका छन् । युरोप, अमेरिकालगायत मुलुकमा नेपालको सिधा हवाई सम्पर्क नहुँदा नेपाल आउने पर्यटकमा अन्यौलता थपिएको छ । जसका कारण होटल बुकिङ, ट्रेकिङ प्याकेज तथा साहसिक पर्यटन गतिविधिमा प्रत्यक्ष असर परेको छ ।

ठमेलमा सञ्चालित चारतारे होटल रमदा इन्कोर काठमाडौँका महाप्रबन्धक महेश फुयाँल पश्चिम एसियाको द्वन्द्वका कारण पर्यटक यामको मुखमा धमाधम होटल बुकिङ 'क्यान्सिल' हुँदा होटल व्यवसायी मारमा परेको बताउँछन् । 'एकातर्फ इन्धनको मूल्यवृद्धिका कारण हवाई भाडा महंगो अर्कोतर्फ ट्रान्जिट क्षेत्रमा भएको तनावका कारण जुन 'रेसियो'मा पर्यटक आउनुपर्ने हो, त्यो आउन सकेका छैनन्', उनी भन्छन् । पश्चिम एसियाको द्वन्द्वका कारण नेपालमा इन्धनलगायतका सामाग्रीको मूल्य बढ्दा होटल सञ्चालनमा थप समस्या परेको उनी बताउँछन् । मध्यपूर्व क्षेत्रमा तनाव दीर्घकालीन रूपमा रहिरह्यो भने नेपालको पर्यटन पुनरुत्थानमा थप चुनौती थपिन सक्ने उनको भनाइ छ ।

नेपालको मुख्य पर्यटकीय सिजनका रूपमा मार्च, अप्रिल र मे महिनालाई लिईन्छ । अहिले पर्यटकीय सिजन सुरु भएको छ । पर्यटकीय सिजनको समयमा नेपालको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा भने गत वर्षको तुलनामा यसवर्ष कम मात्रामा पर्यटक आएका छन् । ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव (विमल) धमला गतवर्षको तुलनामा यसवर्ष ठमेल आउने पर्यटकको संख्यामा कमी आएको बताउँछन् । ठमेलमा काठमाडौं इको होटलसमेत सञ्चालन गरिरहेका धमला पर्यटकीय सिजनमा होटलमा जम्मा ५० देखि ६० प्रतिशतमात्र 'अकुपेन्सी' रहेको बताउँछन् । ठमेलका गल्लीहरूमा समेत गत वर्षभन्दा यस वर्ष कम मात्रामा पर्यटक देखिएका छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ